# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

परिवर्तित समयअनुसार वातावरणमा समायोजित हुन सम्बन्धित विषयवस्तु ज्ञान, सीप र अभिवृत्तिको विकास गर्न शिक्षाको आवश्यकता पर्दछ । त्यसैले एउटा मात्र विषय वा विधा सम्बन्धी ज्ञानले मानिसलाई समाजमा समायोजित हुन र दैनिक जीवनका अत्यावश्यक आवश्यकता पूरा गर्न मुस्किल पर्दछ । त्यसकारण विभिन्न विषयहरूको ज्ञान दिनको लागि प्राथमिक विद्यालयदेखि माध्यमिक विद्यालयसम्म मसयानुसार अनिवार्य विषयको रूपमा विभिन्न विधालाई समेटेर पाठ्यक्रम तयार गरी शिक्षण सिकाइ क्रियाकलाप गराउँदै आइरहेको पाइन्छ । सोही अनुरूप माध्यकि तहको सुरुवात सँगसँगै समयानुसार विभिन्न विधाहरूलाई समेटी अनिवार्य विषयको रूपमा राखि वर्तमानमा शिक्षण गराउँदै आइरहेको पाइन्छ ।

विद्यालयको प्रमुख अंगहरूमध्ये शिक्षक पनि एक अंग हो । शिक्षक समाजको दिशा निर्देशक एवम् एउटा अगुवा व्यक्तित्व हो । बालबालिकालाई शिक्षा प्रदान गर्नुमा शिक्षकको ठूलो हात हुन्छ । समाज रूपान्तरणका लागि शिक्षणलाई प्रमुख जिम्मेवारीका रूपमा ग्रहन गर्ने र शिक्षक मार्फत नै समाजमा ज्ञान, सीप रूपान्तरण हुने गर्दछन् । शिक्षकको कार्य पाठ्यक्रमलाई कार्यान्वयन गर्ने हो । पाठ्यक्रम मार्फत विद्यार्थीमा आवश्यक ज्ञान, सीप र धारणा दिनु हो । शिक्षकले आफ्नो कार्यप्रति अभिवृत्ति सकारात्मक हुनु पर्दछ । महत्त्वपूर्ण पूरा गरी आफ्नो कार्यप्रति अभिवृत्ति सकारात्मक हुनुपर्दछ । महत्त्वपुर्ण जिम्मेवारी बोकेका सिशक्षकहरू विषयगत रूपमा दक्ष, तालिम प्राप्त, सहयोगी सर्वगुण सम्पन्न हुनु आवश्यक छ । भनिन्छ -एउटा डाक्टर असक्षम भएमा केही मान्छे मर्लान, एकजना इन्जिनियर असक्षम भएमा केही घरहरू भत्कलान तर एउटा शिक्षक असक्षम भएमा हजारै व्यक्ति वा सिङ्गो पुस्ताले नै दुःख पाउँछन् ।" तसर्थ शिक्षकले आफ्नो पेशा, समाज, विद्यार्थी प्रति सकारात्मक धारणाको विकास हुनुपर्दछ ।

शिक्षण सिकाइ क्रियाकलाप भन्नाले निश्चित उद्देश्य प्राप्तिको लागि कक्षाकोठा भित्र शिक्षक र विद्यार्थीबीचहुने अन्तरक्रिया हो । जसमा विषयवस्तुको प्रकृति कक्षाकोठाको वातावरण, विद्यार्थीको रुचि चाहना विद्यार्थीको रुची चाहना सहभागिता विद्यार्थी शिक्षक बीच हुने सम्पूर्ण क्रियाकलाप भन्ने बुझिन्छ । आफ्नो विषयको शिक्षण सिकाइ रोचक र प्रभावकारी बनाउन शिक्षकले उपयुक्त शिक्षण विधि र सामग्रीको चयन गरी प्रयोग गर्ने गराउने गर्नु पर्दछ । आफूले शिक्षण गर्ने विषयको पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्यका अनुसार सैद्धान्तिक र प्रयोगात्मक क्रियाकलापहरूलाई सहभागी बनाउनु आवश्यक हुन्छ ।

माथि उल्लेखित विभिन्न आयोगका प्रतिवेदनहरूले गरेका सिफारिस अनुसार नेपालले शिक्षाका राष्ट्रिय, तहगत र विषयगत उद्देश्यहरूका आधारमा पाठ्यक्रम निर्धारण गरिएता पनि कार्यान्वयन तहमा आउँदा प्रभावकारी हुन सकेको पाइदैन । राष्ट्रिय शिक्षा आयोग २०४९ ले माध्यमिक विद्यालय तहमा नेपाली, गणित, अंग्रेजी, विज्ञान, सामाजिक अध्ययन र स्वास्थ्य, जनसंख्या, र वातावरण अनिवार्य विषयहरूलाई मुख्य पाठ्यक्रम अन्तर्गत अध्ययन अध्यापन गर्न सिफारिस गरेको थियो । यी विषयहरूको अध्यापनबाट विद्यार्थीहरूका आधारभूत आवश्यकता परिपूर्ति गर्न, विषयहरूलाई अनावश्यक रूपमा विभाजन हुन नदिइ एकीकृत ढंगको पाठ्यक्रमको निर्माण गरी विद्यार्थी, शिक्षक र समाजको आवश्यकता अनुसार सामूहिक शिक्षण सिकाइ गर्न सकिन्छ । प्रस्तुत अध्ययनमा मा.वि. तहमा मुख्य पाठ्यक्रमको रूपमा सिफारिस गरिएका माथि उल्लेख गरिएका विषयहरूमध्ये गणित, विज्ञान र सामाजिक अध्ययन विषयको बारेमा छोटकरीमा वर्णन गरिएको छ ।

गणित विषय मानिसको दैनिक जीवनयापन लागि अति आवश्यक विषय हो । यो विषयमा माध्यमिक तहमा समूह, त्रिकोणमिति, अंकगणित, क्षेत्रमिति, वीजगणित, ज्यामिति, तथ्याङ्कशास्त्र र सम्भाव्यता क्षेत्रमा ७ वटा विषयवस्तु समावेश गरिएको पाइन्छ । मा.वि. तहमा यो विषयको पाठ्यक्रमको उद्देश्य विद्यार्थीहरूको दैनिक जीवनयापन गर्न गणितीय ज्ञान, सीप र अभिवृत्ति विकास गर्नका लागि आवश्यक आधारभूत गणितीय ज्ञान, सीप र अभिवृत्ति विकास गर्ने रहेको छ । यो विषय अध्यापन प्रदर्शन विधि र प्रयोगात्मक विधिको प्रयोग गरिने गरिन्छ, भने शिक्षण सामग्रीहरूको रूपमा चार्ट, ग्राफ, चित्र, ज्यामितिय औजार आदिको प्रयोग गरिने गरिन्छ । यसैगरी विज्ञान विषयले विद्यार्थीहरूमा विज्ञान र प्रविधिको सीप विकास गर्ने गर्दछ । यो विषयले विद्यार्थीहरूमा क्रमवद्ध, तर्कपूर्ण र प्रमाणयुक्त ज्ञान दिन्छ ।

मा.वि. तहमा विज्ञान विषयको साधारण उद्देश्य विज्ञान विषयको आवश्यकता र महत्त्व बोध गरी दैनिक जीवनमा आइपर्ने समस्याहरू समाधान गर्ने ज्ञान तथा सीप विकास गर्न, वैज्ञानिक धारणाहरू, सिद्धान्तहरू र नियमहरूको आधारभूत ज्ञान विकास गरी विद्यार्थीहरूमा वैज्ञानिक ज्ञानको विकास गर्ने रहेको छ । यो विषय शिक्षण गर्दा प्रयोगात्मक विधि क्षेत्रीय अन्वेषण विधि, प्रदर्शन विधि र व्याख्यान विधि आदिको प्रयोग गरिन्छ । साथै शिक्षण सामग्रीहरूको रूपमा चार्ट, तालिका, रासायनिक विज्ञानका प्रयोगात्मक सामग्रीहरू आदिको प्रयोग गरिने गरिन्छ र सामाजिक अध्ययन विषयमा मानिसको सृष्टिदेखि अहिलेसम्मको सभ्यताको विकास हुँदासम्मका मानिसका रीतिरिवाज, धर्म, संस्कार लगायतका विषयवस्तुहरूको अध्ययन गरिन्छ । यो विषयमा सामाजिक विज्ञानबाट विभिन्न विषयवस्तुहरू लिएर विद्यार्थीलाई

आधुनिक विश्वमा भए गरेका सत्य घटनाहरू बारेमा ज्ञान दिने, सामाजिक सीप वृद्धिको विकासमा मद्दत पुऱ्याई उत्पादनशील नागरिक तयार गर्न मद्दत गर्दछ ।

यसरी गणित, विज्ञान र सामाजिक अध्ययन विषयहरूको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षकको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । पाठ्यक्रम अनुसार कक्षा शिक्षण गर्ने कार्य शिक्षकको हो । शिक्षक, विद्यालय तथा सम्पूर्ण शिक्षा पद्धतिको गतिशिल शक्ति हो, जसले विद्यार्थी र विषयवस्तु जोड्न एउटा पुलको काम गर्दछ । शिक्षक एक समाजको मार्ग निर्देशक तथा पथ-प्रदर्शक हो । विद्यार्थीको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनका साथै विषयवस्तु प्रष्ट पार्नु शिक्षकको कर्तव्य हो ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, वहुवर्गीय र भौगोलिक दृष्टिकोणले विविधतायुक्त देश हो । यहाँ विभिन्न भागमा विविध जातजाति, आदिवासी, मधेसी, दलित, गरिब तथा पिछडिएका मानिसहरू बस्दछन् । तर तिनीहरू राज्यको मूलधारबाट टाढा रहेका छन् । तिनीहरू सरकारी सेवा, शिक्षण पेशामा पनि पछि परेका छन् । Flash I Report, Department of Education, 2063 का अनुसार सामाजिक समुहका आधारमा शिक्षकको अवस्था हेर्दा प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा दलित शिक्षक क्रमशः २.५, १.६ र १.० प्रतिशत तथा जनजाति क्रमशः १७.८, २३.४ र १५.४ प्रतिशत रहेको पाइएको छ । त्यसै गरी शिक्षक पेशामा महिला र पुरुष सहभागिता हेर्दा प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा महिला क्रमशः ३७.७, २०.४, १०.१ प्रतिशत र पुरुष क्रमशः ६२.२, ७९.६ र ८९.९ प्रतिशत रहेको पाइएको छ । यी माथि उल्लेखित तथ्याङ्कहरूबाट के प्रष्ट हुन्छ, भने विद्यालय तहमा शिक्षक समावेशी चरित्रका छैनन् । शैक्षिक तथ्याङ्क २०५८ अनुसार नेपालमा पूर्ण रूपले तालिम प्राप्त शिक्षकको प्रतिशत २१.३ प्रतिशत रहेको छ । कुल शिक्षक मध्ये प्रा.वि. तहका १४.१, नि.मा.वि. तहका २७.९ र मा.वि. तहका ४६.१ प्रतिशत शिक्षक पूर्ण तालिम प्राप्त रहेका छन् । यस तथ्याङ्कबाट के प्रष्ट हुन्छ, भने हाम्रो देशमा तालिम प्राप्त शिक्षकको कमी रहेको छ ।

विद्यालय तहमा तालिम प्राप्त शिक्षकको कमी तथा तालिम प्राप्त शिक्षकले पनि आफूले पाएको ज्ञान, सीप अनुसार उपयुक्त शिक्षण विधि सामग्री तथा क्रियाकलाप नगरी शिक्षण गर्ने गरेको कारणले शिक्षाको गुणस्तरमा समस्या देखापरेको छ । यस्तो अवस्थामा प्रस्तुत अध्ययन समस्या "माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास" शिर्षकमा केन्द्रित गर्ने प्रयास गरिएको छ । यो अध्ययनमा मा.वि. तहमा गणित, विज्ञान र सामाजिक अध्ययन विषय अध्यापनरत शिक्षकहरूको योग्यता, तालिम, कार्यानुभव, लिङ्ग, जात, धर्मका आधारमा पृष्ठभूमि पहिचान गर्ने प्रयत्न गरिएको छ । यसै गरी शिक्षकको शिक्षण प्रतिको रुचि, चाहना, विषय छनोटका कारण र विषयको महत्त्वको बारेमा शिक्षकहरूको वास्तविक धारणा पत्ता लगाउने प्रयास गरिएको छ । यस्तै शिक्षकले विषयवस्तुको पाठ्यक्रम

अनुसार विषयवस्तुको तयारी गरी शिक्षण विधि, शिक्षण सामग्रीको निर्माण तथा प्रयोग गरी विद्यार्थीको रुचि, चाहना र स्तर अनुसार शिक्षण सिकाई अभ्यास के, कसरी र कस्तो गर्ने गरेको छ ? भन्ने कुरा पत्ता लगाउने प्रयास गरिएको छ । जसबाट माध्यमिक तहका विद्यालयका शिक्षकहरूको पृष्ठभूमि, शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यासको अवस्था पत्ता लागि यस अध्ययनसँग सम्बन्धी देखापरेका समस्याहरू समाधान गर्नका लागि सरोकारवाला निकायहरूलाई कार्यक्रमको योजना निर्माण गर्न तथा कार्यान्वयन गर्न सहयोग मिल्ने छ ।

## १.२ समस्याको कथन

शिक्षक आफ्नो जिम्मेवारी सफलतापूर्वक सम्पादन गर्न आफ्नो कर्याप्रति सकारात्मक अभिवृत्रि आवश्यक पर्दछ । यस सन्दर्भमा शिक्षकको आफ्नो विषयप्रतिको धारणा र अभ्यासले शिक्षणमा धारणाको के प्रभाव परेको छ भन्ने पत्ता लगाउन केन्द्रित गरिएको छ । पाठ्यक्रमले तोकेको विषयवस्तुलाई शिक्षण गर्ने कार्य शिक्षकको हो । शिक्षामा शिक्षकको भूमिका महत्वपूर्ण रही सिकाइको अभिन्न अङ्ग हो ।

यो अध्ययन माध्यमिक तहका अनिवार्य विषयहरू मध्ये गणित, सामाजिक र विज्ञान विषय शिक्षण सिकाइ क्रियाकलाप र शिक्षकहरूका उक्त विषयप्रतिको धारणालाई उन्मुख छ । विद्यालय स्तरको शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउने उद्देश्यले विभिन्न शिक्षण विधि, शैक्षिक सामग्री, पाठ्यपुस्तक, पाठ्यसामग्रीहरूको व्यवस्था गरिएको छ । शिक्षकहरूलाई शिक्षण कार्यमा सहज होस् भन्ने हेतुले प्रत्येक विषयका शिक्षधक निर्देशिकाहरू तयार गरिएका छन् तर हाम्रो विद्यालयहरूमा गस्ता शैक्षिक सामग्रीहरूतर्फ ध्यान दिनाले र यस्ता सामग्रीको व्यवस्था नगर्नाले पाठ्यक्रमले अपेक्षा गरे अनुरूप विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउन सकिएको छैन ।

यस तहमा अध्यापन गर्ने शिक्षकहरूको योग्यता, अनुभव, तालिम, जातजाति, भाषा, धम, लिङ्ग र विषय विशिष्टिकरण आदि फरक-फरक रहेको छ । यसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शिक्षण सिकाइ क्रियाकलापमा पनि प्रभा पारेको हुन्छ भन्ने कतिपय शिक्षकहरू रुचि तथा प्राथमिकता अन्य क्षेत्रमा हुँदाहुँदै पनि रोजगारी र अन्य समस्याले गर्दा या विषय पढाइरहेका पनि छन् । जसले गर्दा आशा गरे अनुरूप उपलब्धि प्राप्त हुन सकिरहेको छैन ।

## १.३ अनुसन्धान प्रश्नहरू

“माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास” शिर्षक अन्तर्गत निम्न अनुसन्धान प्रश्नहरूको उत्तर खोजिएको थियो ।

(क) शिक्षकहरूको शैक्षिक योग्यता र कार्यानुभवको अवस्था कस्तो छ ?

(ख) शिक्षकहरूको उमेर, लिङ्ग, जात र धर्मका आधारमा पृष्ठभूमि कस्तो छ ?

(ग) शिक्षकहरू के तालिम प्राप्त छन् ?

(घ) शिक्षकहरूको शिक्षणप्रति कस्तो धारणा छ ?

(ङ) शिक्षकहरूको अध्यापन गर्ने विषयप्रति कस्तो धारणा छ ?

(च) कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो छ ?

(छ) शिक्षकहरूले शिक्षण गर्दा कस्ता विधिहरूको बढी प्रयोग गर्दछन् ?

(ज)	शिक्षण अभ्यासका क्रममा शिक्षण सामग्री प्रयोगको अवस्था कस्तो छ ?

(झ)	शिक्षण सिकाई अभ्यास विद्यार्थीको रुचि, चाहना र स्तर अनुसार छ ?

(ञ)	शिक्षकले कक्षा शिक्षणका क्रममा विद्यार्थी मूल्याङ्कन कसरी गर्दछन् ?

(ट)	शिक्षकले गृहकार्य दिने व्यवस्था कस्तो गरेको छ ?

(ठ)	विद्यार्थीको शिक्षक र शिक्षण अभ्यास  प्रतिको धारणा के रहेको छ ?

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि निम्न लिखित उद्देश्यहरू राखिएका थिए ।

(क)	शिक्षकको पृष्ठभूमि पहिचान गर्नु,

(ख)	शिक्षकको शिक्षण  प्रतिको धारणा पत्ता लगाउनु,

(ग)	शिक्षकको विषयगत शिक्षण अभ्यासको अवस्था पत्ता लगाउनु ।

## १.५ अध्ययनको औचित्य

शिक्षण सिकाइ भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि कक्षाकोठाभित्र शिक्षक र विद्यार्थीको बीच हुने अन्तर्क्रिया भुन्ने बुझिन्छ । शिक्षक र विद्यार्थीहरूबीच जति प्रभावकारी अन्तरर्क्रिया हुन्छ शैक्षिक कार्यक्रम पनि त्यती नै प्रभावकारी र उद्देश्यमूलक हुन पुग्दछ तर हाम्रो विद्यालयहरूमा हेर्ने हो भने उहि शताब्दी पुराना व्याख्या विधि व्याप्त छ, जसले गर्दा विद्यार्थीहरू आफूलाई स्रोताको रूपमा राख्न वाध्य छन् । शैक्षिक सामग्रीको प्रयोग गरिँदैन, विद्यार्थी क्रियाकलापलाई ध्यान दिइदैन ।

यस अध्ययनले राखेका उद्देश्य अनुसार माध्यमिक विद्यालय तहका शिक्षकको शैक्षिक योग्यता, कार्यानुभव, उमेर, लिङ्ग, जात र धर्मका आधारमा पृष्ठभूमि पहिचान भए पछि यस तहमा अझ दक्ष तथा समावेशी चरित्रका शिक्षकहरू छनोट गरी शिक्षण पेशालाई दक्ष व्यक्ति र समावेशी चरित्रको बनाउन सहयोग मिल्नेछ । यसैगरी शिक्षकको शिक्षणप्रति र विषय प्रतिको धारणा पत्ता लागेपछि शिक्षण पेशामा सकारात्मक धारणा भएका शिक्षक छनोट गर्न तथा शिक्षणप्रति सकारात्मक धारणा विकास गर्ने कार्यक्रम तयार गर्न र कार्यान्वयन गर्न सहयोग मिल्नेछ र शिक्षकको विषयगत अभ्यासको अवस्था पत्ता लागेपछि शिक्षण अभ्यासका क्रममा देखिएका कमीकमजोरीहरूलाई सुधार गर्न मद्दत मिनेछ । समग्रमा भन्नुपर्दा यस अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा सम्बन्धित विद्यालय, शिक्षक, विद्यार्थी, जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा दिर्नेशनालय, शिक्षा विभाग, शिक्षा मन्त्रालय तथा यस अध्ययनसँग सम्बन्धित संघ-संस्थाहरूलाई यो अध्ययन समस्यासँग सम्बन्धित योजना, नीति निर्माण र कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने छ ।

शिक्षकहरूको विषयगत धारणा कस्तो छ भनी अध्ययन अनुसन्धान नभएको हुँदा यस विषयमा अध्ययन गर्नु आवश्यक ठानिएको छ । यसको अध्ययनबाट प्राप्त निष्कर्षले प्रभावकारी शिक्षण सिकाइ गर्न गराउन सम्बन्धित निकायलाई पहल गर्नेछ । समग्रमा यस अध्ययनको औचित्यलाई निम्न बुँदामा उल्लेख गरिएको छ :

- यस अध्ययनले गणित, विज्ञान र सामाजिक अध्ययन विषयको शिक्षणसिकाइ सम्बन्धी वास्तविक अवस्थाको जानकारी सम्बन्धित निकायलाई दिनेछ ।
- यस अध्ययनले गणित, विज्ञान र सामाजिक अध्ययन विषयको प्रभावकारी शिक्षण सिकाइ गराउन पहल गर्नेछ ।
- माध्यमिक विद्यालयमा शिक्षकहरूको पृष्ठभूमिको जानकारी सम्बन्धित पक्षलाई दिनेछ ।
- यस अध्ययनले विषयप्रतिको महत्वलाई जागरुक गराइ सो विषयको अध्ययन अध्यापन अभ्यासमा सुधारका उपायको खोजी गर्न केन्द्रित गर्नेछ ।
- सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्न चाहने शोधकर्ताका लागि उपयोगी हुनेछ ।

## १.६ अध्ययनको सीमा

यस अध्ययन कार्यको क्षेत्र वृहत भए तापनि श्रोत, साधन, समय र लागतलाई ध्यानमा राखि निम्नअनुसार सीमा भित्र रही अध्ययन कार्य सम्पन्न गरिएको थियो । यो अध्ययन कैलाली जिल्ला धनगढी नगरपालिका ४ वटा मा.वि. मा सिमित थियो ।

(क) यस अध्ययनलाई छनोटमा परेका माध्यमिक विद्यालयका कक्षा-९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषय शिक्षकहरूको पृष्ठभूमि पहिचानमा सीमित गरिएको थियो ।

(ख) यस अध्ययनलाई नमुना छनोटमा परेका मा.वि. तहका कक्षा-९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषय शिक्षकहरूको शिक्षण प्रतिको धारणा पत्ता लगाउनमा सीमित गरिएको थियो ।

(ग) नमुना छनोटमा परेका मा.वि. तहका कक्षा-९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको शिक्षण अभ्यासको अवस्था पत्ता लगाउनमा सीमित गरिएको थियो ।

## १.७ परिभाषित शब्दावलीहरू

शिक्षकको पृष्ठभूमि : शिक्षकको पृष्ठभूमि अन्तर्गत शिक्षकको शैक्षिक योग्यता, तालिम, कार्यानुभव, उमेर, लिङ्ग, जात र धर्मको अवस्थालाई जनाउँछ ।

| | | |
|---|---|---|
| शिक्षण प्रतिको धारणा | : | शिक्षकको शिक्षण प्रतिको धारणा अन्तर्गत शिक्षण पेशा प्रतिको रुचि र सन्तुष्टि, विषय प्रतिको रुचि, सन्तुष्टि र पेशा प्रतिको महत्त्वलाई जनाउँछ । |
| सार्वजनिक विद्यालय | : | नेपाल सरकारद्वारा नियमित रूपमा अनुदान पाउने गरी स्वीकृति प्राप्त विद्यालयलाई जनाउँछ । |
| शिक्षण विधि | : | शिक्षकले पाठ्यवस्तु विद्यार्थी समक्ष पुऱ्याउने क्रममा अपनाउने विभिन्न तरिकाहरूलाई शिक्षण विधि भनिन्छ । |
| कक्षा शिक्षण | : | शिक्षकले आफ्नो विषयवस्तुलाई कक्षाकोठाभित्र विद्यार्थीहरूलाई शिक्षण गर्नुलाई कक्षा शिक्षण भनिन्छ । |
| शिक्षण सामग्री | : | कक्षा शिक्षणका क्रममा प्रयोग गरिने आवश्यक सामग्रीहरूलाई शिक्षण सामग्री भनिन्छ । |
| कक्षाकोठा व्यवस्थापन | : | कक्षाकोठामा गरिने शिक्षण सिकाइका लागि अनुकूल वातावरण निर्माण गर्नुलाई कक्षाकोठा व्यवस्थापन भनिन्छ । |
| लिकर्ट विधि | : | यस विधिमा शिक्षकको शिक्षण प्रतिको धारणा सम्बन्धी विभिन्न वाक्यांशहरू निर्माण गरी प्रत्येक वाक्यांशहरूमा पूर्ण सहमत, सहमत, अनिश्चित, असहमत र पूर्ण असहमत गरी पाँचवटा छनौटहरू दिइएको छ । यी प्रत्येक वाक्यांशहरूमा शिक्षकहरूलाई प्रतिक्रिया गर्न लगाएर पूर्ण सहमतदेखि पूर्ण असहमत सम्म क्रमश : ५, ४, ३, २ र १ वा क्रमशः १, २, ३, ४ र ५ अंकहरू प्रदान गरिने छ । यसरी तयार गरिएको स्केलमा शिक्षकले दिएको प्रतिक्रियाका आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाइएको छ । |

## अध्याय दुई

## पूर्वसाहित्यको समीक्षा

यस अध्ययन कार्यलाई सहज र सरल बनाउने हेतुले विभिन्न किसिमका लेखहरू अध्ययन गरी विषयसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, प्रतिवेदन तथा विभिन्न प्रकाशनहरू संलग्न गरी व्यवस्थित र उपयुक्त ढङ्गबाट तयार पारी अध्ययन कार्यलाई सहज बनाउने प्रयास गरिएको थियो ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

यस अध्ययनका लागि विभिन्न सिद्धान्त, भनाइ, परिभाषा एवं विचारहरूलाई आधारमानि सैद्धान्तिक साहित्यको पुनरावलोकन गरिएको छ ।

प्रसिद्ध मनोवैज्ञानिक जीन पियाजेको सिकाइ सिद्धान्त बालकले गणितीय धारणाहरू कसरमी विकसित गर्दछ भन्ने अध्ययनमा आधारित छ । सानो अवस्थामा बालकलाई उसले देखेका वस्तुले प्रभावित गर्दछ र जब ठूलो हुँदै जान्छ उनले तार्किक तथा अमूर्त तरिकाले सांसारिक वस्तुलाई प्रयोग गर्न सामर्थ्य प्राप्त गर्दछ । उनका अनुसार यदि बालकलाई भौतिकर र सामाजिक वातावरणसँग क्रियाप्रतिक्रिया गर्ने अवसर दिइन्छ भने उमेरसँगसँगै उसको ज्ञानको र दक्षताको पनि वृद्धि हुँदै जान्छ । त्यसैले शिक्षकहरूले बालकको निश्चित उमेरमा गर्न सक्ने क्षमताको पहिचनन गर्नसक्नु पर्दछ । बालकलाई गणित कसरी सिकाउने भन्दा पनि यिनीहरू कसरी गणित सिक्दछन्,कुनअवस्थामा के पढाउने भन्ने कुरा पियाजोको सिद्धान्त केन्द्रित छ ।

रोवर्ट एवम् ग्याग्नेले उल्लेख गरेका चार क्षेत्रहरू विधि, विषयवसतु, सिकाइ उपलब्धिको मापन र सिकाइ कार्यक्रममा विविधता रहेको छ । यिन मध्ये सिकाइ उपलब्धीको मापन अन्तर्गत तीनविधिहरू उल्लेख गरेका छन ।

अधिकारी (२०६१) मा उद्धृत बृहत नेपाली शब्दकोश अनुसार शिक्षक भन्नाले शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति, अध्यापक, गुरुलाई मानिएको छ । शिक्षण सिकाइ क्रियाकलापमा प्रमुख भूमिका खेली विद्यार्थी एवं विषयवस्तुलाई सक्रिय गराउने व्यक्ति एवं शिक्षा दिने वा ज्ञान आर्जन गराउने व्यक्तिलाई शिक्षक भनिन्छ । शिक्षण सिकाई अभ्यासमा प्रयोग गरिने साधनहरूको सहि एवं प्रभावकारी तरिकाले प्रयोग गराउने व्यक्ति शिक्षक हो ।

शर्मा (२०६१) मा आदर्शवादी दृष्टिकोण अनुसार शिक्षकको स्थान अत्यन्त महत्त्वपूर्ण छ । शिक्षक सम्पूर्ण शैक्षिक प्रक्रियाको केन्द्रविन्दु हो । कलिला मस्तिष्कका बालबालिकाहरूलाई उज्ज्वल एवं आदर्श नागरिक बनाउने सम्पूर्ण जिम्मेवारी शिक्षकको हुन्छ । शिक्षकलाई मानव जीवनमा पूर्णता ल्याउने ईश्वरको सहकर्मीको रूपमा लिइएको पाइन्छ । प्रकृतिवादी दृष्टिकोण

अनुसार बालकेन्द्रित शिक्षामा जोड दिने हुनाले शिक्षकको भूमिकालाई बालकको मित्रका रूपमा, प्राकृतिक वातावरण निर्माताका रूपमा र विद्यार्थीको ऐच्छिक क्रियाकलापको उत्प्रेरकका रूपमा लिइएको पाइन्छ । प्रयोजनवादी दृष्टिकोण अनुसार शिक्षकलाई सम्पूर्ण शैक्षिक क्रियाकलापको एक कुशल पथ प्रदर्शकका रूपमा, विद्यार्थीको अन्तर्निहित क्षमता, इच्छा, आकांक्षा, अनुभवको स्तर सिकाइ वातावरणको निर्माताका रूपमा लिइएको पाइन्छ । यथार्थवादी दृष्टिकोण अनुसार शिक्षकलाई ज्ञान एवं व्यवहार सिकाउने एउटा कुशल निर्देशकको रूपमा लिइएको पाइन्छ ।

ढकाल र कोइराला (२०६५) मा प्रगतिवादी दृष्टिकोण अनुसार शिक्षकलाई सिकारूको मार्गदर्शक, मूल्याङ्कनकर्ता, सामाजिक उत्प्रेरकका रूपमा लिइएको छ । प्रगतिवादले शिक्षकलाई विभिन्न स्वरूपमा राखेको छ । प्रयोगवादको दृष्टिले शिक्षक एवं प्रयोगकर्ताका रूपमा, मानवतावादको दृष्टिले मानवकर्ताको रूपमा र प्रयोजनवादको दृष्टिले प्रयोगकर्ताका रूपमा लिएको पाइन्छ । र अस्तित्त्ववादी दृष्टिकोण अनुसार शिक्षकलाई सिकारुमा प्रकृति र समाजबाट आइपर्ने बाधाहरूको विपरीत सङ्घर्ष गर्न सक्ने क्षमताको विकास गराउने व्यक्तिको रूपमा लिइएको पाइन्छ ।

यसरी माथि उल्लेखित शिक्षक सम्बन्धी भनाई र परिभाषाका आधारमा यो भन्न सकिन्छ, की गुरू भनेको अन्धकारलाई हटाउने, आफ्नो कर्तव्यप्रति सधै जिम्मेवार, मानिसको निर्माता तथा भगवान जस्तै हो । यसैगरी विभिन्न वादहरूले पनि शिक्षकलाई एउटा महत्त्वपूर्ण स्थान दिएको पाइन्छ । वालकलाई असल नागरिक बनाउन एउटा सहयोगीको रूपमा, उत्प्रेरकको रूपमा, ईश्वरको प्रतिनिधिको रूपमा तथा विद्यार्थीको रुचि, स्तर, क्षमता र आकांक्षाहरू अनुसार सिकाइको वातावरण निर्माताको रूपमा लिइएको छ । तसर्थ एउटा असल शिक्षकले सधै आफ्नो पेशाप्रति उत्तरदायी, शिक्षणप्रति सकारात्मक धारणा तथा लगनशील हुनु नितान्त आवश्यक छ ।

### २.१.१ **शिक्षण**

शिक्षाको उद्देश्य व्यक्तिको सर्वाङ्गीण विकास गर्नु हो । यसका निम्ति महत्त्वपूर्ण माध्यम भनेको शिक्षण हो । शिक्षकले सिकारुलाई वास्तविक, सभ्य र सु-संस्कृत बनाउन विभिन्न प्रकारका ज्ञान, सीप कक्षाकोठाको वातावरणमा सिकाउनुलाई शिक्षण भनिन्छ । तर आज शिक्षणलाई शिक्षकको गहन दायित्व, जिम्मेवारी र पेशाका रूपमा लिइन्छ, जसद्वारा व्यक्तिलाई समाजमा सजिलै जीवन निर्वाह गर्न सक्ने बनाउन सकियोस् ।

शर्मा (२०६४) मा, वर्टनको विचार अनुसार - “शिक्षण भनेको सिकाइका लागि उत्प्रेरणा सल्लाह, निर्देशन एवं साहस प्रदान गर्नु हो ।”

यसै गरी क्लार्कका अनुसार - "शिक्षण एउटा प्रक्रिया हो, जसको व्यवस्था एवं सञ्चालन विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउनका निम्ति गरिन्छ ।"

शर्मा एण्ड शर्मा (२०५८) का अनुसार - "बालकको आफ्नो क्षमता, दक्षता, सृजनात्मक विकास गरी उसले चाहे जस्तो सरल तरिकाबाट ज्ञान र सीप प्रदान गर्नु शिक्षकको दायित्व हो । बालकको विकासक्रम अनुसार बौद्धिक अभ्यास गराउनु शिक्षण हो र शिक्षण, बालक र वातावरण बीचको अन्तर्क्रिया हो ।"

Agrawal (1997) का अनुसार - "सिकाईको लागि प्रर्याप्त क्रियाकलापहरू र अनुभवहरू जुटाउन आफ्नै प्रयासले विद्यार्थीलाई सिक्न सक्षम तुल्याउनु, विद्यार्थीहरूलाई सिक्नको लागि प्रेरित गर्नु समन्वय गर्नु, विद्यार्थी केन्द्रित शिक्षण गर्नु, विद्यार्थीहरूलाई दक्ष योग्य र अनुशासित तुल्याउनु, निदानात्मक र उपचारात्मक प्रक्रिया अपनाई विद्यार्थीलाई सक्षम तुल्याउनु, विद्यार्थीहरूको संवेगात्मक स्थिरताको नेतृत्व प्रदान गर्नुलाई असल शिक्षणको रूपमा परिभाषित गरेका छन् ।"

माथि उल्लेखित विभिन्न विद्वान्हरूका भनाई तथा परिभाषा अनुसार शिक्षण भनेको बालकमा सिकाईका लागि उत्प्रेरणा तथा साहस प्रदान गरी बालकको क्षमता, दक्षता, सृजनशीलता विकास गरी व्यवहारमा सकारात्मक परिवर्तन गर्नु हो । तसर्थ एउटा असल शिक्षकले उत्प्रेरणा तथा साहस प्रदान गरी बालकेन्द्रित शिक्षण विधिको प्रयोग गरी शिक्षण गर्नुपर्दछ ।

### २.१.२ शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास

धारणा र अभिवृत्ति भन्नाले व्यक्तिहरूमा निहित मनोवैज्ञानिक गुण हो । कुनै पनि विषय, घटना वा प्रक्रियाहरूप्रति गर्ने सामान्यतया स्थिर प्रवृत्ति नै अभिवृत्ति वा धारणा हो ।

खनाल र अन्य (२०६५) मा, थर्स्टनले अभिवृत्तिलाई "कुनै विशिष्ट विषयवस्तुप्रति व्यक्तिको प्रवृत्ति वा पूर्व निर्धारित विचार" भनेका छन् । जे.सि. नुनालिका अनुसार - "अभिवृत्ति भन्नाले कुनै सामाजिक विषय, भौतिक वस्तु मानिसहरूको समूह, खास व्यक्ति, सामाजिक संस्थाहरू, सरकारी नीति आदि प्रतिको व्यक्तिको सोचाइ वा विचार हो ।"

मनोवैज्ञानिक शब्दकोष (१९९६) अनुसार - "कुनै व्यक्ति, वस्तु, संस्था वा मुद्दा सम्बन्धमा व्यवहार गर्ने वा प्रतिक्रिया गर्ने सामान्यतया स्थिर प्रवृत्ति नै अभिवृत्ति हो ।"

Shrestha (1982) मा Elisassen and Martin का अनुसार शिक्षकको शिक्षण प्रतिको धारणा वा अभिवृत्ति कस्तो प्रकारको रहेको छ, त्यसले शिक्षण अभ्यासमा प्रभाव पारिरहेको हुन्छ । शिक्षकको शिक्षण प्रति सकारात्मक अभिवृत्ति छ, भने शिक्षकले आफ्नो पेशा र

विषयमा रुचि भई शिक्षण कार्यलाई राम्रो ढङ्गले सम्पन्न गर्न सक्दछ र आफ्नो शिक्षण अभ्यास प्रति सन्तुष्ट हुन्छन् । यदि शिक्षकको शिक्षण प्रति नकारात्मक अभिवृत्ति छ, भने शिक्षकले आफ्नो विषय, पेशाप्रति रुचि हुँदैन र शिक्षणका अभ्यास प्रभावकारी हुन सक्दैन् । यदि शिक्षकमा अनिश्चित अभिवृत्ति छ, भने उसको पेशा र विषय प्रतिको धारणा, रुचि शुन्य हुन्छ । यस्ता शिक्षकले शिक्षणलाई सहि रूपमा सम्पन्न गर्न सक्दैनन् । तसर्थ एउटा असल शिक्षकमा शिक्षणप्रति सकारात्मक धारणा वा अभिवृत्ति हुनु जरुरी छ । जसले गर्दा शिक्षण अभ्यासलाई सकारात्मक रूपमा सहि तरिका र विधि अपनाएर सम्पन्न गर्न सकिन्छ ।

## २.२ अनुसन्धान साहित्यको पुनरावलोकन

यस अध्ययन शिर्षकसँग पूर्ण रूपमा मेल खाने अध्ययन/अनुसन्धानहरू हालसम्म नभएको पाइए तापनि आंशिक रूपमा यस अध्ययन शिर्षक तथा उद्देश्यहरूसँग मिल्ने खालका विभिन्न व्यक्ति, संघ-संस्था तथा सरकारी निकायबाट गरिएका अध्ययन तथा अनुसन्धानहरूबाट प्राप्त निष्कर्षलाई प्रयोगात्मक साहित्यको पुनरावलोकन अन्तर्गत समेट्ने प्रयास गरिएको थियो ।

कर्माचार्य (वि.सं. २०६४) को अध्ययनमा शिक्षक शिक्षण योजना बिना नै कक्षामा उपस्थित हुने र समयमा कहिले पनि उपस्थिति नहुने कुरा उल्लेख गरेको थियो । यस अध्ययनमा १५ प्रतिशत शिक्षकले मात्र अध्यापनमा पाठ्यपुस्तकको प्रयोग गरेका कुरा उल्लेख गरेको थियो ।

फुयाँल (वि.सं. २०६५) को अध्ययनमा नीजि विद्यालयमा ४० प्रतिशत शिक्षकको प्रश्नोत्तर विधिको प्रयोग गर्ने र सरकारी विद्यालयका शिक्षकहरूले समस्या समाधान, प्रवचन, छलफल, प्रदर्शन तथा प्रयोगात्मक विधिको प्रयोग गरी पाठको आरम्भ गरेर शिक्षण गर्ने गरेको पाइएको छ । यस अध्ययनले पूर्वपाठको गृहकार्य सम्बन्धमा कपीहरूको संकलन, कपीहरूको जाँच, फिर्ता र पृष्ठपोषणलाई अध्ययनमा समेटेको थियो ।

विष्ट (वि.सं. २०६७) को अध्ययनमा माध्यमिक शिक्षा परियोजनाद्वारा माध्यमिक शिक्षकलाई दिएको तालिमले शिक्षकको धारणा, विकास, प्रकृति, व्यवहार र कक्षाकोठाको उपलब्धि राम्रो रहेको उल्लेख गरेको थियो । तालिम लिएको कारणले गर्दा शिक्षकको सकारात्मक धारणा रहेको पाइयो ।

सेरिड (वि.सं. २०६४) ले गरेको अध्ययनमा तालिम प्राप्त शिक्षकलाई शिक्षक निर्देशिकाको सामुहिक छलफल, स्थलगत भ्रमण, खोज, धारणाको विकास, समस्या समाधान, खेलहरू, वास्तविक वस्तुको प्रयोग गर्न सल्लाह दिएको पाइएको थियो ।

CERID (2003) का अनुसार - कक्षाकोठामा तालिमका सीपहरूको स्थानान्तरण सम्बन्धी गरिएको अध्ययनमा, अध्ययनमा परेका सबै विद्यालयमा दैनिक समय तालिम निर्माण गरिएको पाइयो । कक्षाकोठामा अत्यधिक विद्यार्थी भएको कारणले केटा र केटीका लागि छुट्टाछुट्टै लहरमा बस्ने व्यवस्था मिलाए पनि उपयुक्त कक्षा व्यवस्थापन नगरेको पाइएको थियो । यो अध्ययनमा परेका विद्यालय मध्ये २० प्रतिशत विद्यालयले मात्र शैक्षिक सामग्रीको रूपमा फ्लास कार्डलाई प्रयोग गर्ने गरेको पाइएको थियो । कक्षाकोठालाई आकर्षक बनाउन शैक्षिक सामग्रीहरूको व्यवस्थापन चार्ट, ग्राफ आदिको व्यवस्थापन, कालोपाटी व्यवस्था सम्बन्धमा शिक्षकहरूलाई दिइएको तालिमको कार्यान्वयनमा कालोपाटी सबै विद्यालयमा झुण्ड्याइएको

पाइयो, भने थोरै विद्यालयका कक्षाकोठामा मात्र चार्ट, चित्रहरू समावेश गर्ने गरेको पाइएको थियो ।

CERID (2009) का अनुसार - “गृहकार्य, कक्षाकार्य र कक्षाकोठा अन्तरक्रियाको माध्यमबाट कमजोर विद्यार्थीहरूभन्दा राम्रो विद्यार्थीहरूले बढी फाइदा लिन सकेको पाइयो । जुन कार्य शिक्षकहरूले विद्यार्थीहरूलाई बढी ध्यान दिन, बढी कार्यहरू गर्न लगाउने र सहयोगको भूमिका निर्वाह गरेका विद्यार्थीहरूले बढी सिक्न सक्दछन् भन्ने कुरा उल्लेख गरिएको छ ।”

शिक्षक शिक्षा (२०६५) मा भोज बहादुर बलायरले शिक्षकको पेशागत अभिवृद्धिमा कार्यगत अनुसन्धानको सहयोग भन्ने शीर्षकमा काभ्रे जिल्लाको माध्यमिक विद्यालयमा ( परिवर्तित नाम) भ्रमण गर्ने समस्या अनुसन्धान गर्दा, सो विद्यालयमा अध्यापन गराउने १५ जना शिक्षक मध्ये माध्यमिक विद्यालयमा ६ जना शिक्षक रहेकोमा ४ जना स्थायी र २ अस्थायी भएको उल्लेख गर्नुभएको थियो । जसमध्ये २ जना अस्थायी शिक्षक भर्खरै विश्वविद्यालयबाट उपाधि लिइ ६ महिनादेखि काम गर्दै आएका थिए । उनीहरू शैक्षिक पेशामा ज्ञान, सीपको हिसाबले गर्दा काचै देखिए तापनि विद्यालयको लागि केही गर्छौं भन्ने अठोटका साथ शिक्षण गरिराखेका थिए । भने स्थायी २ जना मध्ये उमेरको हिसाबले ५० वर्ष नाघेका र २ दशकभन्दा बढीको शिक्षण अनुभव हाँसिल गरेका साथै छलफलको क्रममा उहाँहरूले “यो त हाम्रो वैकल्पिक र बुढेसकालको समय काट्ने बाटो हो ।” भन्ने धारणा राखेका थिए । यसबाट के प्रष्ट हुन्छ, भने ती शिक्षकहरूमा शिक्षण पेशाप्रति सकारात्मक धारणा नरहेको पाइन्छ । त्यस्तै अर्को दुई जना स्थायी शिक्षक ४० वर्ष नाघेका र १० वर्ष सेवा अवधि पुरा गरेका थिए । उनीहरूको रुचि, लगाव, प्रतिवद्धतामा क्रमशः घट्दो अवस्था देखिएको कुरा औंल्याएका थिए । यी माथिका सबै शिक्षकको योग्यता, तालिम, विषय विशिष्टिकरण, उमेर, जातजाती, शैक्षिक अनुभव र अध्यापन गराउने विषयमा केहीमा समानता र भिन्नता रहेको थियो । फलस्वरूप फरक विचार, फरक अनुभव पाइयो । यसबाट विद्यालयको शिक्षक संरचनाले शिक्षणमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारेको कुराहरू उल्लेख गरेको थियो ।

शिक्षा विभाग (वि.सं. २०६०) Teaching Materials and Classroom Observation मा शिक्षकहरूले शैक्षिक सामग्रीको प्रयोग कसरी गरिन्छ ? प्रयोगसम्बन्धी ज्ञान छ/छैन् ? सामग्रीको स्थिति कस्तो छ ? शैक्षिक सामग्री प्रयाप्त मात्रामा छन् कि छैनन् ? शैक्षिक सामग्रीको स्थिति कस्तो छ ? शैक्षिक सामग्री विषयवस्तु अनुसार ठिक ढङ्गले प्रयोग भएको छ/छैन ? भनी अध्ययन गर्नको लागि विभिन्न विकास क्षेत्र, अञ्चल र जिल्लाका विद्यालयको प्रतिनिधित्व हुने गरी १५० वटा कक्षाहरू अवलोकन गरिएको थियो, जसको प्राप्तिमा धेरैजसो विद्यालयहरूमा शैक्षिक सामग्रीहरू उपलब्ध भएको पाइयो । तर ग्रामिण क्षेत्रका विद्यालयमा भने शैक्षिक सामग्रीको कमी देखियो । विशेष गरी शैक्षिक सामग्रीको कमी हिमाली र उच्च पहाडी क्षेत्रमा दुर्गम विद्यालयमा यातायातको सुविधाको कमी हुनुलाई मुख्य समस्याको रूपमा लिइएको थियो ।


खनाल (वि.सं. २०६७) ले “माध्यमिक तहका शिक्षकहरूको कक्षा शिक्षण अवस्था” शिर्षकमा अध्ययन गरेको थियो । यस अध्ययनमा शिक्षकहरूको शैक्षणिक योजनाको अवस्था,

कक्षाकोठा व्यवस्थापनको अवस्था र कक्षा शिक्षणको अवस्था पत्ता लगाउने उद्देश्य राखिएको थियो । यस अध्ययनको निष्कर्ष शिक्षकहरूले शैक्षिक योजना निर्माण नगरी शिक्षण गर्ने परिपाटी रहेको पाइएको थियो । यस्तै शैक्षिक सामग्रीको निर्माण आफै वा विद्यार्थीलाई निर्माण गर्न नलगाउने गरेको र विद्यालयमा उपलब्ध सामग्रीहरू मात्र प्रयोग गर्ने गरेको पाइएको थियो । यसै गरी कक्षाकोठाको उपयुक्त व्यवस्थापन नगरेर नै शिक्षण गर्ने गरेको पाइएको थियो । शिक्षकहरूले विशेष गरी व्याख्यान विधिलाई शिक्षण विधिको रूपमा प्रयोग गरेको पाइएको थियो । कक्षा शिक्षणको अन्त्यमा विद्यार्थी मूल्याङ्कनका विभिन्न तरिकाहरू सामुहिक/व्यक्तिगत प्रश्न सोधेर, कक्षाकार्य गर्न लगाएर, कक्षा प्रस्तुतिकरण गर्न लगाएर गर्ने गरेको पाइयो । शिक्षकले गृहकार्य र सारांश प्रस्तुत गर्ने गरेको पाइएको थियो, तर पृष्ठपोषण प्रदान भने कम मात्र शिक्षकले प्रदान गर्ने गरेको पाइएको थियो । समग्रमा यस अध्ययनले शिक्षकहरूको शिक्षण सीप कक्षाकोठामा सन्तोषजनक रूपमा प्रदर्शन हुन नसकेको निष्कर्ष निकालेको थियो ।

माथि उल्लेखित अनुसन्धानात्मक साहित्य अन्तर्गत अध्ययन गरेर राखिएका विभिन्न व्यक्ति संघ-संस्था तथा सरकारी नियकायहरूबाट गरिएका अध्ययन/अनुसन्धान तथा लेखहरू प्रस्तुत अध्ययन शीर्षक “माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास” ले राखेका अध्ययनका उद्देश्यसँग पुरै रूपमा नमिले पनि आंशिक रूपमा मेल खाने खालका रहेका छन् । यी अध्ययन तथा अनुसन्धानहरूमा शिक्षण योजना, शिक्षण विधि र शिक्षण सामग्रीको प्रयोग, शिक्षक तालिमले शिक्षकको धारणा विकासमा तथा व्यवहारमा परिवर्तन, कक्षाकोठाको उपलब्धि, कक्षाकोठामा तालिम को सीप प्रयोग र कक्षा शिक्षण क्रियाकलापसँग सम्बन्धित रहेका छन् । साथै यी अध्ययनहरू अलग-अलग रूपमा अध्ययन तथा अनुसन्धान गरिएको देखिन्छ । तर प्रस्तुत अध्ययनमा माथि उल्लेख गरिएका साहित्यमा भएका उद्देश्य तथा विषयवस्तुका साथ-साथै छनोटमा परेका माध्यमिक विद्यालय तहमा रहेका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको पृष्ठभूमि, यिनीहरूको शिक्षण प्रतिको धारणा र अभ्यासको अवस्था पत्ता लगाउने उद्देश्यसित सम्बन्धित रहेको छ । जसकारणले गर्दा यो अध्ययन माथिका अध्ययन तथा अनुसन्धानले समेट्न नसकेका विषयवस्तु समेट्न तिर केन्द्रित रहेकोले अध्ययन गर्नु सान्दर्भिक रहेको छ ।

## २.३ अवधारणात्मक ढाँचा

यो अध्ययनलाई सहज बनाउन अवधारणात्मक ढाँचको आवश्यकता पर्ने भएकोले माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षाप्रतिको धारणा र अभ्यास लिग रहेका केही तत्वहरूलाई समावेश गरी निम्नानुसार अवधारणात्मक ढाँचा निर्माण गरिएको थियो ।



# अध्याय तीन

# अध्ययन विधि

अनुसन्धान कार्यलाई सहज तरिकाले सम्पन्न गर्नको लागि निश्चित तरिका एवं उपायहरू अपनाइन्छन् । यसरी अनुसन्धानलाई सम्पन्न गर्ने तरिका एवं उपाय सम्वन्धी विधिलाई अध्ययन विधि भनिन्छ । अध्ययन विधि अध्ययनको प्रकृति, उद्देश्य एवं अनुसन्धान कर्ताको रुचि एवं आवश्यकतामा निर्भर हुने गर्दछ । अध्ययन विधिले अनुसन्धान कार्यलाई सरल तथा सहज तरिकाले सम्पन्न गर्नको लागि महत्त्वपूर्ण भूमिका खेल्दछ । यस अध्ययनमा प्रयोग गरिएका विधिहरू निम्नलिखित रहेका छन् ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान कार्यलाई निश्चित योजना तथा रणनीति अनुसार उद्देश्य प्राप्त गर्न तयार पारिने वृहत् योजनालाई अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धानको प्रकृति र उद्देश्य अनुसार ढाँचा पनि फरक-फरक प्रयोग गर्ने गरेको पाइन्छ । यो अध्ययन ढाँचा गुणात्मक र परिमाणात्मक ढाँचाहरूको मिश्रीत ढाँचामा आधारित छ । आवश्यकता अनुसार दुवै विधिहरू प्रयोग गरी यो अध्ययन गरिएको छ ।

### ३.१.१ सूचना संकलनको ढाँचा

यस अध्ययनका लागि राखिएका उद्देश्य अनुसार निम्न श्रोत र साधनको प्रयोग गरी सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो । जसलाई निम्न अनुसारको ढाँचामा राखिएको छ ।

**तालिका नं.** ३.१ **: सूचना संकलनको ढाँचा**

| क्र.सं. | उद्देश्य | श्रोत | साधन |
|---|---|---|---|
| (क) | शिक्षकको पृष्ठभूमि पहिचान गर्नु । | शिक्षक | व्यक्तिगत विवरण फाराम |
| (ख) | शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउनु । | शिक्षक | लिकर्ट विधि |
| (ग) | शिक्षकको विषयगत शिक्षण अभ्यासको अवस्था पत्ता लगाउनु । | शिक्षक, विद्यार्थी | अन्तर्वार्ता, कक्षा अवलोकन फाराम,<br>लक्षित समूह छलफल |

## ३.२ जनसंख्या र नमुना छनोट

यस अध्ययनका लागि उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा जनसंख्याको नमुना छनोट गरिएको थियो ।

### ३.२.१ जिल्ला छनोट

यस अध्ययनका लागि कैलाली जिल्लालाई छनोट गरिएको थियो । यो जिल्ला अध्ययनकर्तालाई अध्ययनको उद्देश्य परिपूर्ति गर्न उपयुक्त तथा पायक पर्ने भएकाले सुविधायुक्त नमूना छनोट गरिएको  हो ।

### ३.२.२ विद्यालय छनोट

यस अध्ययनका लागि धनगढी नगरपालिका १५ वटा विद्यालय मध्ये उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी ४ वटा विद्यालयहरूलाई छनोट गरिएको थियो । अध्ययनले राखेका उद्देश्यहरू परिपूर्ति गर्न सजिलो पर्ने भएकाले यी विद्यालयहरूको छनोट गरिएको थियो । जुन विद्यालयहरू निम्न रहेका छन् ।

- श्री धनगढी उ.मा.वि. धनगढी गाऊँ, धनगढी ।
- श्री त्रिनगर उ.मा.वि., धनगढी ।
- श्री पञ्चोदय उ.मा.वि., हसनपुर, धनगढी
- श्री बासुदेवी उ.मा.वि. धनगढी कैलाली

### ३.२.३ शिक्षक छनोट

यस अध्ययनका लागि छनोटमा परेका विद्यालयका कक्षा-९ का गणित, विज्ञान र सामाजिक अध्ययन विषयका ३/३ जना शिक्षकहरू गरी जम्मा १२ जना शिक्षकहरूलाई उद्देश्यमूलक नमूना छनोट गरिएको थियो ।

### ३.२.४ विद्यार्थी छनोट

यस अध्ययनका लागि छनोटमा परेका विद्यालयका कक्षा-९ मा अध्ययनरत विद्यार्थीहरू मध्ये गोलाप्रथा नमुना छनोट विधिको प्रयोग गरी प्रत्येक विद्यालयबाट छात्र ४ जना र छात्रा ४ जना गरी ८/८ जना विद्यार्थीहरूलाई छनोट गरिएको थियो ।

## ३.३ तथ्याङ्कको श्रोत

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न निम्न लिखित श्रोतहरूको प्रयोग गरिएको थियो ।

### ३.३.१ प्राथमिक श्रोत

यस अध्ययनका लागि शिक्षकको व्यक्तिगत विवरण फाराम, लिर्कट विधि, अन्तर्वार्ता र कक्षा अवलोकन फारामको प्रयोग गरी शिक्षकबाट तथा लक्षित समूह छलफल विधिको प्रयोग गरी विद्यार्थीबाट आवश्यक प्राथमिक सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.३.२ द्वितीय श्रोत

प्राथमिक श्रोतबाट संकलन गर्न नसकिएका सूचना तथा तथ्याङ्कहरू सम्बन्धित विद्यालय प्रशासन, जि.शि.का., शिक्षा विभाग, शिक्षा मन्त्रालय लगायत विभिन्न संघसंस्थाहरू तथा व्यक्तिहरूबाट प्रकाशित गरिएका अनुसन्धानात्मक कृति, लेख रचना र समाचार आदिबाट द्वितीय श्रोतको रूपमा संकलन गरिएको थियो ।

## ३.४ सूचना सङ्कलनका साधनहरू

यस अध्ययनका लागि आवश्यक सूचना तथा तथ्याङ्क संकलनका लागि निम्नलिखित साधनहरूको प्रयोग गरिएको थियो ।

### ३.४.१ शिक्षकको व्यक्तिगत विवरण फाराम

शिक्षकको पृष्ठभूमि पहिचान गर्न व्यक्तिगत विवरण फारामको प्रयोग गरी सूचना संकलन गरिएको थियो । शिक्षकको व्यक्तिगत विवरण फाराम अनुसूचि नं. ३ मा प्रस्तुत गरिएको छ ।

### ३.४.२ लिकर्ट स्केल

शिक्षकहरूको शिक्षण प्रतिको धारणा बारेमा सूचना संकलन गर्न लिकर्ट स्केलको प्रयोग गरिएको थियो । लिकर्ट विधिलाई अनुसूचि नं. ५ मा प्रस्तुत गरिएको छ ।

### ३.४.३ अन्तर्वार्ता

शिक्षकहरूको विषयगत शिक्षण अभ्यासको अवस्था पत्ता लगाउन छनोटमा परेका विषय शिक्षकहरूलाई खुला प्रश्नावलीको प्रयोग गरी छुट्टाछुट्टै अन्तर्वार्ता लिएर सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो । शिक्षकको अन्तर्वार्ताका लागि तयार गरिएका खुला प्रश्नावलीहरूलाई अनुसूचि नं. ६ मा प्रस्तुत गरिएको छ ।

### ३.४.४ कक्षा अवलोकन फाराम/निर्देशिका

शिक्षकहरूको शिक्षण अभ्यासको अवस्था पहिचान गर्नका लागि कक्षा अवलोकन फाराम निर्माण गरिएको थियो । शिक्षकको कक्षा अवलोकन फाराम/निर्देशिकालाई अनुसूचि नं. ६ मा प्रस्तुत गरिएको छ ।

### ३.४.५ लक्षित समूह छलफल निर्देशिका

शिक्षकहरूको शिक्षण अभ्यासप्रति विद्यार्थीहरूको धारणा बुझ्न विद्यार्थीहरूको लक्षित समूह छलफल निर्देशिका निर्माण गरिएको थियो । विद्यार्थीहरूको लक्षित समूह छलफल निर्देशिका अनुसूचि न. ७ मा प्रस्तुत गरिएको छ ।

## ३.५ साधनको वैधता

तथ्याङ्क संकलनको लागि साधनहरूको निर्माण गरी सकेपछि आफ्ना सहपाठी साथीहरू, शिक्षक, शोध निर्देशकज्यूको सल्लाह र सुझाव अनुसार पुनः परिमार्जन गरिएको थियो । परिमार्जित साधनहरूको पूर्व परीक्षण समेत गरी साधनको वैधता कायम गरिएको थियो ।

## ३.६ तथ्याङ्कको संकलन प्रक्रिया

यस अध्ययनका लागि सूचना तथा तथ्याङ्कन संकलन गर्न निम्नानुसार प्रक्रिया अपनाइएको थियो ।

### ३.६.१ परिवेश निर्माण

यस अनुसन्धान क्रममा छनोटमा परेका प्रत्येक विद्यालयमा अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा उपस्थित भई आफ्नो अध्ययनको उद्देश्य प्रधानाध्यापक तथा शिक्षकहरूलाई बताएर अनुसन्धान कार्यका लागि आवश्यक सूचना तथा तथ्याङ्क संकलन गर्न अनुमति प्राप्त गरियो । साथै अध्ययनका लागि विद्यालय, शिक्षक र विद्यार्थीहरूबाट प्राप्त सूचना तथा तथ्याङ्क अन्यत्र उपयोग नगरिने र सूचनादाताहरूका विचार, भावनाहरू गोप्य राख्ने विश्वास दिइएको थियो ।

### ३.६.२ शिक्षकको व्यक्तिगत विवरण संकलन

शिक्षकको व्यक्तिगत विवरण संकलन गर्न छनोटमा परेका प्रत्येक विषयका शिक्षकसँग अन्तर्वार्ता लिएर शिक्षकको व्यक्तिगत विवरण फाराम भरी सूचना संकलन गरिएको थियो ।

### ३.६.३ अन्तर्वार्ता

शिक्षकको विषयगत अभ्यास सम्बन्धी मत संकलन गर्न छनोटमा परेका प्रत्येक विषयका शिक्षकहरूलाई खुल्ला प्रश्नावलीको प्रयोग गरी अन्तर्वार्ता लिइ सूचना संकलन गरिएको थियो । जसलाई अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

### ३.६.४ लिकर्ट विधिको प्रयोग

शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउन तयार गरिएका २१ वटा सकारात्मक र नकारात्मक वाक्यांशहरूमा छनोटमा परेका प्रत्येक विषयका शिक्षकलाई प्रतिक्रिया गर्न लगाएर शिक्षकको शिक्षण प्रतिको धारणा सम्बन्धी सूचना संकलन गरिएको थियो । यसरी संकलन गरिएको सूचनाका आधारमा शिक्षकहरूको प्राप्त अंक सम्बन्धी विवरण अनुसूची नं. ६ मा प्रस्तुत गरिएको छ ।

### ३.६.५ कक्षा अवलोकन

शिक्षकहरूको विषयगत शिक्षण अभ्यासको अवस्था पत्ता लगाउन छनोटमा परेका विद्यालयका विषय शिक्षकहरूको २०६७ फागुन ४ गतेदेखि २०६७ फागुन २५ गतेसम्म प्रत्येक विद्यालयका छनोटमा परेका विषय शिक्षकहरूको कक्षा अवलोकन फाराम निर्देशिकामा उल्लेख गरिएका बुदाँहरूका आधारमा ३/३ पटक कक्षा अवलोकन गरि सूचना संकलन गरिएको थियो ।

### ३.६.६ लक्षित समूह छलफल

यस अध्ययनका लागि छनोटमा परेका विद्यलायका कक्षा-९ मा अध्यापनरत शिक्षकको शिक्षण अभ्यास र शिक्षकप्रति विद्यार्थीहरूको धारणा पत्ता लगाउन प्रत्येक विद्यालयका विद्यार्थीहरूको छुट्टा-छुट्टै समूह निर्माण गरी छलफल निर्देशिकाको प्रयोग गरी छलफल मार्फत सूचना संकलन गरिएको थियो ।

### ३.६.७ सूचनाको वैधता निर्धारण

यस अध्ययनका लागि संकलन गरिएका सूचनाको वैधता निर्धारण गर्न शिक्षकको अन्तर्वार्ता मार्फत संकलन गरिएका सूचनालाई कक्षा अवलोकन र विद्यार्थीहरूको समूह छलफलबाट प्राप्त सूचनासँग तुलना र त्रिकोणात्मक जाँच गरेर वैधता निर्धारण गर्ने कोशिस गरिएको थियो । कक्षा अवलोकनबाट प्राप्त सूचनाहरूको वैधता निर्धारण गर्न छड्के जाँच गरी कक्षा अवलोकन गरी प्राप्त सूचनाको तुलना गरिएको थियो ।

## ३.७ तथ्याङ्क विश्लेषण र व्याख्या

यस अध्ययनका लागि आवश्यक सूचना तथा तथ्याङ्कलाई विभिन्न श्रोतबाट संकलन गरेपछि विभिन्न शिर्षकमा विभाजन गरी आवश्यकता अनुसार गुणात्मक र परिमाणात्मक दुईवटै विधिहरूको प्रयोग गरी व्याख्या गरिएको थियो ।

### ३.७.१ तथ्याङ्कको संगठन र रूपान्तरण

विभिन्न श्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई प्रकृति र स्वरूप अनुसार छुट्टा-छुट्टै रूपमा संगठन र रूपान्तरण गरिएको थियो ।

### ३.७.२ तथ्याङ्कको तालिकीकरण

तथ्याङ्कको प्रकृति र स्वरूपका आधारमा आवश्यकता अनुसार तालिकीकरण गरिएको थियो ।

### ३.७.३ तथ्याङ्कको व्याख्या

अध्ययनको क्रममा प्राप्त सूचना तथा तथ्याङ्कलाई संगठन, रूपान्तरण तथा तालिकीकरण गरी विश्लेषण गरेपछि आवश्यकता अनुसार गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गरी अध्ययनका अनुसन्धान प्रश्नमा आधारित भई व्याख्या गरिएको थियो ।

# अध्याय चार
# सूचनाहरूको विश्लेषण र व्याख्या

प्रस्तुत अध्ययन "माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास" शीर्षकको बारेमा अध्ययन गर्न माध्यमिक तहमा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका विषय शिक्षकको पृष्ठभूमि पहिचान गर्न, शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास पत्ता लगाउन कैलाली जिल्ला अन्तर्गत धनगढी न.पा. मा रहेका बाह्रवटा माध्यमिक विद्यालयहरू मध्ये उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी चारवटा सार्वजनिक विद्यालयहरू समावेश गरिएको थियो । छनोटमा परेका विद्यालयका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका कक्षा-९ मा अध्यापनरत शिक्षकहरूलाई व्यक्तिगत विवरण फाराम, लिकर्ट विधि, अन्तर्वार्ता तथा कक्षा अवलोकन फाराम र विद्यार्थीहरूलाई लक्षित समूह छलफल निर्देशिकाको सहायताबाट आवश्यक सूचनाहरू संकलन गरी, संकलित सूचना तथा तथ्याङ्कहरूलाई तलका शीर्षकहरूमा विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ विद्यालयहरूको सामान्य परिचय

प्रस्तुत अध्ययन कैलाली जिल्लाअन्तर्गत धनगढी नगरपालिका भित्रका जम्मा १५ वटा सार्वजनिक विद्यालय मध्ये उद्देश्य नमूना छनोट वधिको प्रयोग गरी छनोट गरिएका४ वटा माध्यमिक विद्यालयमा केन्द्रित रेहको थियो ।

यी चारवटा विद्यालय श्री धनगढी उ.मा.वि धनगढी गाउँ वडा नं. ८ कैलालीमा अवस्थित छ । यस विद्यालयको स्थापना २०२० सालमा भएको थियो । यो विद्यालय वर्तमानमा उ.मा.वि.का रूपमा सञ्चालिन छ । यस विद्यालयमा मा.वि. तहमा जम्मा ६ शिक्षकहरू छन् र ८२१ जना विद्यार्थी संख्या रहेको छ ।

श्री पंचोदय उ.मा.वि. हसनपुर, धनगढीमा अवस्थित छ । यो विद्यालयमा उ.मा.वि. पनि सञ्चालित छ धनगढीनगरपालिकाको नामुद, चर्चित र ख्यातिप्राप्त विद्यालय हो । धनगढी नगरपालिका भित्रको सैभन्दा पुरानो विद्यालय पनि यही हो । यस विद्यालयको स्थापना वि.सं. २००७ सालमा भएको हो । विद्यालयमा जम्मा शिक्षकसंख्या ३१ रहेको छ भने जम्मा विद्याथींसंख्या १६३८ रहेको छ ।

श्री त्रिनगर उ.मा.वि. मेनरोड धनगढी कैलालीमा अवस्थित छ यो विद्यालयमा खेल मैदान भौतिक पूर्वाधार सबै कुराहरूले पायक पर्ने विद्यालय पनि नगरपालिका भित्रको ख्यातिप्राप्त विद्यालय हो । यस विदालयको स्थापना वि.सं.२०१७ भएको हो । यो विद्यालयमा पनि उ.मा.वि. सम्म पठन पाठन भइहरको छ । यस विद्यालयमा मा.वि. तहमा जम्मा शिक्षक

संख्या ६ जना रहेको छ । विद्यार्थीहरूको संख्या करिव २२८ जना छन् । यस विद्यालयमा अध्ययन गर्ने विशेष गरेर यसैगरी समुदायका राना, चौधरी, दलित र गरिव परिवारका विद्यार्थीहरू अध्ययन गर्दछन् ।

वासुदेवी मा.वि. जाली वडा नं. ५ मा अवस्थित छ यस विद्यालयमा पनि गरिव, पछाडि परेका बालबालिकाका घरको आर्थिक अवस्था कमजोर भएका थारु समुदायका, दलित समुदायका विद्यार्थीहरू अध्ययन गर्ने गर्दछन् । यो विद्यालयमा खेलमैदान, खाने पानी शौचालय आदिको राम्रो व्यवस्था छ । यस विद्यालयमा मा.वि. तहमा जम्मा शिक्षकको संख्या ७ छन् भने विद्यार्थी संख्या जम्मा २२५जना छन् ।

माथिका सबै विद्यालयहरू सार्वजनिक विद्यालय हुन् यी विद्यालयहरूमा स्थापना कालदेखि नै गरिव दलित, जनजाति बालबालिकाहरूलाईआधारभूत शिक्षा प्रदान गर्न योगदान गर्दैआइरहेका छन् । यी विद्यायहरू भौतिक रूपमा सम्पन्न भए पनि विद्यार्थी संप्ख्याको अनुपातमा कक्षाकोठा र शिक्षक दरवन्दी अप्राप्त छन् । यी विद्यालयहरूमा नि.मा.वि. तहमा अधिकांश शिक्षकहरू अस्थायी, राहत दरवन्दी र नीजि श्रोतमा भए गरिरहेका पाइएको छ । तसर्थ समबिन्धत निकायबाट यस्ता विद्यालयमा आवश्यक स्थायी शिक्षक दरवन्दी, भौतिक अवस्था लगायत उपयुक्त शैक्षिक वातावरण निर्माण गर्न सहयोग पुऱ्याउनु पर्दछ ।

## ४.२ शिक्षकको पृष्ठभूमि

यस अध्ययन शीर्षक अन्तर्गत छनोटमा परेका मा.वि.तहका कक्षा-९ मा गणित, विज्ञान र सामाजिक अध्ययन विषय अध्यापनरत शिक्षकहरूको शैक्षिक योग्यता, तालिम, कार्यानुभव, लिङ्ग, उमेर, जात र धर्मका आधारमा पृष्ठभूमि पहिचान गर्न शिक्षकको व्यक्तिगत विवरण फारामको प्रयोग गरी सूचना संकलन गरिएको थियो । यसरी संकलित सूचनाहरूलाई निम्नानुसार उप-शीर्षकहरूमा राखेर विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.२.१ शैक्षिक योग्यता र तालिमका आधारमा शिक्षकको अवस्था

यस उप-शीर्षक अन्तर्गत मा.वि. तहका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको शैक्षिक योग्यता र तालिमका आधारमा अवस्था पहिचान गर्नका लागि व्यक्तिगत विवरण फारामको प्रयोग गरी सूचना संकलन गरिएको थियो । यसरी संकलित सूचनाहरूलाई तलको तालिका नं. ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१ : शैक्षिक योग्यता र तालिमका आधारमा शिक्षकको अवस्था**

| क्र. सं. | विद्यालयको नाम | शिक्षकको नाम | अध्यापन गर्ने विषय | शैक्षिक योग्यता | तालिम |
|---|---|---|---|---|---|
| १ | श्री पंचोदय उ.मा.वि. हसनपुर, धनगढी | १. श्री भरत सिंह<br>२. श्री कृष्ण पनेरु<br>३. श्री रामप्रसाद जोशी | गणित<br>विज्ञान<br>सामाजिक अध्ययन | एम.ए/वि.एड<br>वि.एससी./वि.एड<br>वि.ए | प्राप्त<br>प्राप्त<br>अप्राप्त |
| २ | श्री धनगढी उ.मा.वि. धनगढी | १. श्री कृष्ण वहादुर खड्का<br>२. श्री बलबहादुर रोकाया<br>३. राजेन्द्र जेठारा | गणित<br>विज्ञान<br>सामाजिक अध्ययन | वि.एड.<br>वि.एसी./वि.एड.<br>एम..ए./वि.एड. | प्राप्त<br>प्राप्त<br>प्राप्त |
| ३ | बासेदेवी उ.मा.वि. जाली, धनगढी | १. श्री शंकरलाल चौधरी<br>२. कमल राना<br>३. माया भट्ट | गणित<br>विज्ञान<br>सामाजिक अध्ययन | वि.एसी./वि.एड.<br>वि.एसी./वि.एड.<br>एम.ए./वि.एड. | प्राप्त<br>प्राप्त<br>प्राप्त |
| ४ | श्री त्रिनगर उ.मा.वि | १. नवराज भट्ट<br>२. करन बहादुर विष्ट<br>३. कमल कान्त जोशी | गणित<br>विज्ञान<br>सामाजिक अध्ययन | वि.एड.<br>वि.एस्सी<br>एम.ए./वि.एड. | प्राप्त<br>अप्राप्त<br>प्राप्त |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.१ लाई विश्लेषण गर्दा छनोटमा परेका ४ वटा विद्यालयका मा.वि. तहका गणित, विज्ञान र सामाजिक अध्ययन विषय शिक्षण गर्ने १२ जना शिक्षकहरूको क्रमशः विद्यालय अनुसार, शिक्षकको नाम, शिक्षण गर्ने विषय, शैक्षिक योग्यता र तालिमको अवस्थालाई देखाइएको छ । जसमा १२ जना शिक्षकहरू मध्ये ५ जना शिक्षकहरूको सम्बन्धित तहका लागि न्यूनतम् शैक्षिक योग्यता भन्दा माथिल्लो तहको शैक्षिक योग्यता रहेको र ७ जना शिक्षकहरूको सम्बन्धित तह अनुसारको शैक्षिक योग्यता रहेको पाइयो । यसै गरी शिक्षकहरूको तालिमको अवस्थालाई हेर्दा १२ जना शिक्षकहरू मध्ये १० जना शिक्षकहर तालिम प्राप्त र २ जना शिक्षकहरू तालिम अप्राप्त रहेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की १२ जना शिक्षकहरू मध्ये ५ जना शिक्षकहरूमा मा.वि. तहका लागि आवश्यक शैक्षिक योग्यताभन्दा माथिल्लो तहको शैक्षिक योग्यता रहेको र सबै शिक्षकहरू तालिम प्राप्त रहेको देखियो । त्यसैगरी ७ जना शिक्षकहरूमा मा.वि. तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता रहेकोमा ५ जना शिक्षकहरू तालिम

प्राप्त र २ जना शिक्षकहरू तालिम अप्राप्त रहेको देखियो । यस अर्थमा अधिकांश शिक्षक यस तहका लागि आवश्यक शैक्षिक योग्यता र तालिम प्राप्त रहेको मान्न सकिन्छ ।

### ४.२.२ कार्यानुभव वर्षका आधारमा विषय शिक्षकको अवस्था

यस उप-शीर्षकमा छनोटमा परेका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको कार्यानुभव वर्षका आधारमा अवस्था पहिचान गर्न शिक्षकको व्यक्तिगत विवरण फारामको प्रयोग गरी सूचना संकलन गरिएको थियो । जस अनुसार प्राप्त सूचनालाई तलको तालिका नं. ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : कार्यानुभव वर्षका आधारमा शिक्षकको अवस्था**

| शिक्षकको कार्यानुभव वर्ष समूह | शिक्षक संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | गणित | विज्ञान | सामाजिक अध्ययन | |
| १–५ | १ | १ | – | २ |
| ५–१० | २ | २ | १ | ५ |
| १०–१५ | – | – | १ | १ |
| १५–२० | १ | – | १ | २ |
| २०–२५ | – | १ | – | १ |
| २५–३० | – | – | – | – |
| ३०–३५ | – | – | १ | १ |
| जम्मा | ४ | ४ | ४ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.२ लाई विश्लेषण गर्दा छनोटमा परेका मा.वि. तहका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको कार्यानुभव वर्ष समूहको अवस्थालाई हेर्दा क्रमशः १-५ कार्यानुभव वर्ष समूहका गणित शिक्षक १ जना, विज्ञान शिक्षक १ जना रहेको पाइयो, भने सामाजिक अध्ययन शिक्षक नरहेको पाइयो । ५-१० कार्यानुभव वर्ष समूहका गणित शिक्षकहरू २ जना, विज्ञान शिक्षकहरू २ जना र सामाजिक अध्ययन शिक्षक १ जना रहेको पाइयो । १०-१५ कार्यानुभव वर्ष समूहका गणित र विज्ञान शिक्षक नरहेको पाइयो, भने सामाजिक अध्ययन शिक्षक १ जना रहेको पाइयो । १५-२० कार्यानुभव वर्ष समूहका गणित शिक्षक १ जना, विज्ञान शिक्षक नरहेको र सामाजिक अध्ययन शिक्षक १ जना रहेको पाइयो । २०-२५ कार्यानुभव वर्ष समूहका गणित शिक्षक नरहेको, विज्ञान शिक्षक १ जना रहेको र सामाजिक अध्ययन शिक्षक नरहेको पाइयो । २५-३० कार्यानुभव वर्ष समूहका कुनै पनि शिक्षक नरहेको पाइयो । ३०-३५ कार्यानुभव वर्ष समूहका गणित र विज्ञान शिक्षक नरहेको पाइयो, भने सामाजिक अध्ययन शिक्षक १ जना रहेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की सबैभन्दा बढी शिक्षकहरूको कार्यानुभव वर्ष ५-१० समूहभित्र पर्ने ५ जना शिक्षकहरू रहेको देखियो । यसै गरी १-५ कार्यानुभव वर्ष र १५-२० कार्यानुभव वर्ष समूहमा पर्ने शिक्षकहरू २/२ जना रहेको पाइयो भने क्रमशः १०-१५, २०-२५ र ३०-३५ कार्यानुभव वर्ष समूहका १, १ र १ जना शिक्षकहरू रहेको देखियो ।

### ४.२.३ लिङ्गका आधारमा शिक्षकको अवस्था

यस उप-शीर्षकमा छनोटमा परेका मा.वि. तहका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका विषय शिक्षकहरूको लैङ्गिक अवस्थालाई हेर्दा सबै १० जना शिक्षकहरू पुरुष रहेको पाइयो, भने महिला शिक्षक १ जना रहेको पाइयो । यसबाट के प्रष्ट हुन्छ, भने मा.वि. तहमा महिला सहभागिता पुरुषको तुलनामा छैन । समाजमा अझै पनि रुढिवाढी परम्परा, महिलाको शिक्षामा पहुँचको कमी, लिङ्गीय विभेद, सरकारी रूपमा महिलाहरूलाई शिक्षण पेशाप्रति आकर्षित गर्ने प्रयासको कमीका कारणले महिलाहरूको शिक्षण पेशामा सहभागिता न्यून रूपमा रहेको देखिन्छ । तसर्थ शिक्षण पेशामा महिला सहभागिता बढाउन सरकारले महिलाको शिक्षामा पहुँच बढाउने, समाजमा लिङ्गीय विभेद अन्तर्गत जनचेतना जगाउने तथा महिला शसक्तिकरण सम्बन्धी नीति तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

### ४.२.४ उमेरका आधारमा शिक्षकको अवस्था

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका मा.वि. तहका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको उमेरका आधारमा अवस्था सम्बधी सूचना संकलन गर्दा प्राप्त सूचनाहरूलाई तलका तालिका नं. ४.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३ : उमेरका आधारमा शिक्षकको अवस्था**

| शिक्षकको उमेर समूह | शिक्षक संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | गणित | विज्ञान | सामाजिक अध्ययन | |
| २०–३० | १ | – | १ | २ |
| ३०–४० | ३ | ३ | २ | ८ |
| ४०–५० | – | १ | – | १ |
| ५०–६० | – | – | १ | १ |
| जम्मा | ४ | ४ | ४ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.३ लाई विश्लेषण गर्दा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू  मध्ये उमेरका आधारमा अवस्थालाई हेर्दा २०-३० वर्ष उमेर समूहका गणित शिक्षक

१ जना, विज्ञान शिक्षक नरहेको र सामाजिक अध्ययन विषयको शिक्षक १ जना रहेको पाइयो । ३०-४० वर्ष उमेर समूहका गणित शिक्षकहरू ३ जना, विज्ञान शिक्षकहरू ३ जना र सामाजिक अध्ययन विषयका शिक्षकहरू २ जना रहेको पाइयो । ४०-५० वर्ष उमेर समूहका गणित शिक्षक नरहेको पाइयो, भने विज्ञान शिक्षक १ जना तथा सामाजिक अध्ययन विषयको शिक्षक नरहेको पाइयो । र ५०-६० वर्ष उमेर समूहका गणित र विज्ञान शिक्षक नरहेको तथा सामाजिक अध्ययन विषयको शिक्षक १ जना रहेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका १२ जना शिक्षकहरू मध्ये ३०-४० वर्ष उमेर समूहका ८ जना शिक्षकहरू, २०-३० वर्ष उमेर समूहका २ जना शिक्षकहरू, यसैगरी ४०-५० र ५०-६० वर्ष उमेर समूहका १/१ जना शिक्षक रहेको देखियो । यसबाट यो प्रष्ट हुन्छ, की युवावस्थाका शिक्षकहरूको संख्या बढी छ, भने वृद्ध अवस्थाका शिक्षकहरूको संख्या न्यून मात्र रहेको देखिन्छ ।

### ४.२.५ जात र धर्मका आधारमा शिक्षकको अवस्था

यस उप-शीर्षकमा नमुना छनोटमा परेका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको जात र धर्मका आधारमा अवस्था पहिचान गर्दा धर्मका आधारमा सबै शिक्षकहरू हिन्दु धर्म मान्ने रहेको पाइए, भने जातका आधारमा संकलन गरिएको सूचनालाई तलको तालिका नं. ४.४ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४ : जातका आधारमा शिक्षकको अवस्था**

| क्र.सं. | जात | शिक्षक संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | गणित | विज्ञान | सामाजिक अध्ययन | |
| 1 | ब्राह्मण | १ | १ | ३ | ५ |
| 2 | क्षेत्री | २ | २ | १ | ५ |
| 3 | जनजाती | १ | १ | – | २ |
| 4 | दलित | – | – | – | – |
| | जम्मा | ४ | ४ | ४ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.४ मा शिक्षकको जातका आधारमा शिक्षकको अवस्थालाई विश्लेषण गर्दा छनोटमा परेका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका जम्मा १२ जना शिक्षकहरू मध्ये ब्राह्मण जातका गणित शिक्षक १ जना, विज्ञान शिक्षक १ जना र सामाजिक अध्ययनका शिक्षकहरू ३ जना रहेको पाइयो । यसैगरी क्षेत्री जातका गणित शिक्षकहरू २ जना, विज्ञान शिक्षकहरू २ जना र सामाजिक अध्ययन शिक्षक १ जना रहेको पाइयो । यसै गरी

जनजाती गणित र विज्ञान शिक्षक १/१ जना रहेको पाइयो, भने सामाजिक अध्ययन विषयका शिक्षक नरहेको पाइयो । दलित शिक्षक भने कुनै पनि विषयको नरहेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की जम्मा १२ जना शिक्षकहरू मध्ये ब्राह्मण शिक्षकहरू ५ जना, क्षेत्री शिक्षकहरू ५ जना र जनजाती शिक्षकहरू २ जना रहेको देखियो, भने दलित शिक्षकहरू नरहेको देखियो । तसर्थ शिक्षण पेशालाई सबै जातको समावेशी पेशा बनाउन सम्बन्धित निकाय तथा सरकारले पहल गर्नुपर्दछ ।

### ४.३ शिक्षकको शिक्षण प्रतिको धारणा

यस शीर्षकमा मा.वि. तहका छनोटमा परेका विद्यालयहरूका कक्षा-९ मा गणित, विज्ञान र सामाजिक अध्ययन विषय अध्यापनरत शिक्षकहरूको शिक्षण प्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरी सूचना संकलन गरिएको थियो । लिकर्ट विधि अनुसार सूचना संकलन गर्दा शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउन निर्माण गरिएका २१ वटा सकारात्मक र नकारात्मक वाक्यहरूमा शिक्षकहरूलाई पूर्ण सहमत, सहमत, अनिश्चित, असहमत र पूर्ण असहमतमा प्रतिक्रिया गर्न लगाएर सकारात्मक वाक्य भएमा पूर्ण सहमत देखि पूर्ण असहमत सम्म क्रमशः ५, ४, ३, २ र १ अंक तथा नकारात्मक वाक्य भएमा पूर्ण असहमतदेखि पूर्ण सहमत सम्म क्रमशः ५, ४, ३, २ र १ अंक प्रदान गरी २१ वटा वाक्यहरूमा प्रत्येक शिक्षकले प्राप्त अंकको योगफललाई २१ ले भाग गरी प्राप्त भागफलका आधारमा ३.५ देखि ५ अंक आएमा शिक्षकको शिक्षण प्रतिको धारणा सकारात्मक, २.५ देखि ३.५ सम्म अंक आएमा शिक्षकको शिक्षण प्रतिको धारणा तटस्थ र १ देखि २.५ सम्म अंक आएमा शिक्षकको शिक्षण प्रतिको धारणा नकारात्मक मानिएको छ । शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरी तयार गरिएको वाक्यांशहरूमा शिक्षकहरूको प्रतिक्रियाका आधारमा प्राप्त अंक सम्बन्धी विवरण अनुसूची नं. ५ मा राखिएको छ । शिक्षकहरूको विषयगत, शैक्षिक योग्यता, तालिम, कार्यानुभव, उमेर र जातका आधारमा शिक्षण प्रतिको धारणालाई तलका उप-शीर्षकहरूमा राखि विश्लेषण र व्याख्या गरिएको छ ।

#### ४.३.१ विषयगत आधारमा शिक्षकको शिक्षणप्रति धारणा

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका मा.वि. तहको कक्षा-९ मा अध्यापन गर्ने गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको विषयगत आधारमा शिक्षण प्रतिको धारणा बारेमा संकलन गरिएका सूचनाहरूलाई तलको तालिका नं. ४.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.५ : विषयगत आधारमा शिक्षकको शिक्षणप्रति धारणा**

| क्र.सं. | विषय | शिक्षकको शिक्षणप्रति धारणा | | | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|---|
| | | सकारात्मक | तटस्थ | नकारात्मक | |
| 1 | गणित | ४ | – | – | ४ |
| 2 | विज्ञान | ३ | १ | – | ४ |
| 3 | सामाजिक अध्ययन | ३ | १ | – | ४ |
| | जम्मा | १० | २ | – | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.५ लाई विश्लेषण गर्दा गणित विषयका जम्मा४ जना शिक्षकहरू मध्ये सबै शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । यसैगरी विज्ञान विषयका जम्मा ४ जना शिक्षकहरू मध्ये ३ जना शिक्षकहरूमा शिक्षण प्रति सकारात्मक धारणा र १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । र सामाजिक अध्ययन विषयका जम्मा ४ जना शिक्षकहरू मध्ये ३ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा तथा १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो ।

शिक्षकहरू आफ्नो कार्यप्रति समयमा कक्षाकोठामा प्रवेश गर्ने पुरै समयावधि भर विषयवस्तुमा मात्र केन्द्रित भई शिक्षण पेशामा रुचि राख्ने, विषय शिक्षण गर्दा दिक्क नमान्ने कारणले गर्दा शिक्षको विषयप्रतिको धारणा सकारात्मक देखियो । विषयगत शिक्षकले कक्षा शिक्षण, कक्षा व्यवस्थापन र पेशा प्रति कुनै सकारात्मक र नकारात्मक कुनै प्रतिक्रिया गरिदिएको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका जम्मा १२ जना शिक्षकहरू मध्ये १० जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा, २ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको देखियो, भने कुनै पनि विषयका शिक्षकहरूमा शिक्षणप्रति नकारात्मक धारणा नरहेको देखियो ।

### ४.३.२ **शैक्षिक योग्यताका आधारमा शिक्षकको शिक्षणप्रति धारणा**

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका मा.वि..तहका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको शैक्षिक योग्यताका आधारमा शिक्षण प्रतिको धारणा सम्बन्धी सूचनाहरूलाई तलको तालिका नं. ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.६ : शैक्षिक योग्यताका आधारमा शिक्षकको शिक्षणप्रति धारणा**

| क्र.सं. | शैक्षिक योग्यता | शिक्षकको शिक्षणप्रति धारणा | | | जम्मा शिक्षक |
|---|---|---|---|---|---|
| | | सकारात्मक | तटस्थ | नकारात्मक | |
| १ | स्नातक तह | ६ | १ | – | ७ |
| २ | स्नातकोत्तर तह | ४ | १ | – | ५ |
| | जम्मा | १० | २ | – | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालका नं. ४.६ मा रहेको तथ्याङ्कलाई विश्लेषण गर्दा मा.वि. तहमा कक्षा-९ को गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको शैक्षिक योग्यताको तहका आधारमा शिक्षण प्रतिको धारणालाई हेर्दा स्नातक तह योग्यता भएका ७ जना शिक्षकहरू मध्ये ६ जना शिक्षकहरूको शिक्षणप्रति सकारात्मक धारणा र १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । यसैगरी स्नातकोत्तर तह योग्यता भएका ५ जना शिक्षकहरू मध्ये ४

जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका १२ जना शिक्षकहरू मध्ये स्नातक तह शैक्षिक योग्यता भएका ६ जना शिक्षकहरू र स्नातकोत्तर तह सम्मको शैक्षिक योग्यता भएका ४ जना शिक्षकहरू गरी जम्मा १० जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा रहेको देखियो । त्यसैगरी स्नातक तहसम्मको शैक्षिक योग्यता भएका १ जना र स्नातकोत्तर तह सम्मको शैक्षिक योग्यता भएका १ जना गरी जम्मा २ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको देखियो, भने शिक्षणप्रति नकारात्मक धारणा कुनै पनि तहको शैक्षिक योग्यता भएका शिक्षकमा रहेको देखिएन ।

### ४.३.३ तालिमका आधारमा शिक्षकको शिक्षणप्रति धारणा

यस उप-शीर्षक अन्तर्गत छनोटमा परेका मा.वि. तहका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको तालिमका आधारमा शिक्षण प्रतिको धारणा पत्ता लगाउन संकलन गरिएका सूचनाहरूलाई तालिका नं. ४.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.७ : तालिमका आधारमा शिक्षकको शिक्षणप्रति धारणा**

| क्र.सं. | तालिम | शिक्षकको शिक्षणप्रति धारणा | | | जम्मा शिक्षक |
|---|---|---|---|---|---|
| | | सकारात्मक | तटस्थ | नकारात्मक | |
| 1 | प्राप्त | ८ | २ | - | १० |
| 2 | अप्राप्त | २ | - | - | २ |
| | जम्मा | १० | २ | - | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.७ मा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको शिक्षण प्रतिको धारणा लाई विश्लेषण गर्दा तालिम प्राप्त १० जना शिक्षकहरू मध्ये ८ जना शिक्षकहरूमा शिक्षणप्रंति सकारात्मक धारणा र २ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो, भने तालिम अप्राप्त २ जना शिक्षकहरू मध्ये २ जना शिक्षकहरूको नै शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । तर तालिम प्राप्त र तालिम अप्राप्त कुनै पनि शिक्षकमा शिक्षणप्रति नकारात्मक धारणा रहेको पाइएन ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की तालिम प्राप्त ८ जना शिक्षक र तालिम अप्राप्त २ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा रहेको देखियो । तर तालिम प्राप्त २ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको देखियो, भने शिक्षणप्रति नकारात्मक धारणा कुनै पनि शिक्षकहरूमा नरहेको देखियो ।

### ४.३.४ कार्यानुभवको आधारमा शिक्षकको शिक्षणप्रति धारणा

यस उपशीर्षक अन्तर्गत शिक्षकको कार्यानुभव वर्षका आधारमा शिक्षण प्रतिको धारणा पत्ता लगाउन संकलन गरिएको सूचनालाई तलको तालिका नं ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.८ : कार्यानुभवको आधारमा शिक्षकको शिक्षणप्रति धारणा**

| कार्यानुभव वर्ष समूह | शिक्षकको शिक्षणप्रति धारणा | | | जम्मा शिक्षक |
|---|---|---|---|---|
| | सकारात्मक | तटस्थ | नकारात्मक | |
| १–५ | २ | – | – | २ |
| ५–१० | ४ | १ | – | ५ |
| १०–१५ | – | १ | – | १ |
| १५–२० | २ | – | – | २ |
| २०–२५ | १ | – | – | १ |
| २५–३० | – | – | – | – |
| ३०–३५ | १ | – | – | १ |
| **जम्मा** | १० | २ | – | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिमा नं. ४.८ लाई विश्लेषण गर्दा जम्मा १२ जना शिक्षकहरू मध्ये १-५ कार्यानुभव वर्ष समूहका २ जना शिक्षकहरू मध्ये २ जना शिक्षकहरूमा नै शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । ५-१० कार्यानुभव वर्ष समूहका ५ जना शिक्षकहरू मध्ये ४ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । १०-१५ कार्यानुभव वर्ष समूहको १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । १५-२० कार्यानुभव वर्ष समूहका २ जना शिक्षकहरू मध्ये २ जना शिक्षकहरूमा नै शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । २०-२५ कार्यानुभव वर्ष समूहमा १ जना शिक्षकका शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । २५-३० कार्यानुभव वर्ष समूहका कुनै पनि शिक्षक नरहेको र ३०-३५ कार्यानुभव वर्ष समूहका १ जना शिक्षकमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये विभिन्न कार्यानुभव वर्ष समूहका १० जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र २ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको देखियो, भने कुनै पनि कार्यानुभव वर्ष समूहका शिक्षकहरूमा शिक्षणप्रति नकारात्मक धारणा नरहेको देखियो ।

### ४.३.५ उमेरका आधारमा शिक्षकको शिक्षणप्रति धारणा

यस उप-शीर्षकमा उमेरका आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउन संकलित सूचनालाई तलको तालिका नं. ४.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.९ : उमेरका आधारमा शिक्षकको शिक्षणप्रति धारणा**

| उमेर समूह | शिक्षकको शिक्षणप्रति धारणा | | | जम्मा शिक्षक |
|---|---|---|---|---|
| | सकारात्मक | तटस्थ | नकारात्मक | |
| २०–३० | २ | – | – | २ |
| ३०–४० | ६ | २ | – | ८ |
| ४०–५० | १ | – | – | १ |
| ५०–६० | १ | – | – | १ |
| जम्मा | १० | २ | – | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिका तालिका नं. ४.९ लाई विश्लेषण गर्दा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू  मध्ये २०-३० वर्ष उमेर समूहका २ जना शिक्षकहरू  मध्ये २ जना शिक्षकहरूमा नै शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । ३०-४० वर्ष उमेर समूहका ८ जना शिक्षकहरू मध्ये ६ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र २ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । ४०-५० र ५०-६० वर्ष उमेर समूहका १/१ जना शिक्षकमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की २० देखि ६० वर्ष सम्मका विभिन्न उमेर समूहका १२ जना शिक्षकहरू  मध्ये १० जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र २ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको देखियो, भने कुनै पनि उमेर समूहका शिक्षकहरूमा शिक्षणप्रति नकारात्मक धारणा नरहेको देखियो ।

### ४.३.६ जातका आधारमा शिक्षकको शिक्षणप्रति धारणा

यस उप-शीर्षकमा जातका आधारमा शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउन संकलन गरिएका सूचनालाई तलको तालिका नं. ४.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१० : जातका आधारमा शिक्षकको शिक्षणप्रति धारणा**

| क्र.सं. | जात | शिक्षकको शिक्षणप्रति धारणा | | | जम्मा शिक्षक |
|---|---|---|---|---|---|
| | | सकारात्मक | तटस्थ | नकारात्मक | |
| १ | ब्राह्मण | ५ | – | – | ५ |
| २ | क्षेत्री | ३ | २ | – | ५ |
| ३ | जनजाती | २ | – | – | २ |
| ४ | दलित | – | – | – | – |
| | जम्मा | १० | २ | – | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.१० लाई विश्लेषण गर्दा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये ५ जना शिक्षकहरू ब्राह्मण जातका छन्, जसमा सबै शिक्षकहरूको शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । यसैगरी ५ जना क्षेत्री जातका शिक्षकहरू मध्ये ३ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र २ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । यसैगरी जनजाती २ जना शिक्षकहरू मध्ये २ जनामा नै शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । र दलित शिक्षकको संख्या नरहेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की जम्मा १२ जना शिक्षकहरू मध्ये ब्राह्मण ५ जना, क्षेत्री ३ जना र जनजाती २ जना शिक्षकहरू गरी जम्मा १० जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा रहेको देखियो, भने क्षेत्री जातका २ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको देखियो । तर शिक्षणप्रति नकारात्मक धारणा भने कुनै पनि जातका शिक्षकहरूमा रहेको देखिएन ।

## ४.४ शिक्षकको विषयगत शिक्षण अभ्यासको अवस्था

यस शीर्षकमा छनोटमा परेका मा.वि. तहका कक्षा-९ का गणित, विज्ञान र सामाजिक अध्ययन विषय अध्यापनरत शिक्षकहरूको विषयगत शिक्षण अभ्यासको अवस्था पत्ता लगाउन शिक्षकहरूलाई अन्तर्वार्ता, कक्षा अवलोकन र विद्यार्थीहरूलाई लक्षित समूह छलफल गरी संकलन गरिएको सूचना तथा तथ्याङ्कहरूलाई तलका उप-शीर्षकहरूमा राखि विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.४.१ शिक्षकले शिक्षण गर्दा विषयवस्तु तयारीको अवस्था

यस उप-शीर्षकअन्तर्गत शिक्षकले शिक्षण गर्दा पाठको विषयवस्तु अनुसार शिक्षक निर्देशिकाको प्रयोग, पाठयोजनाको निर्माण तथा प्रयोगका बारेमा संकलन गरिएका सूचनालाई तलका सब उप-शीर्षकहरूमा विश्लेषण र व्याख्या गरिएको छ ।

#### ४.४.१.१ शिक्षक निर्देशिका प्रयोगको अवस्था

यस सब उप-शीर्षकमा शिक्षकहरूले शिक्षण गर्दा विषयको विषयवस्तु अनुसार शिक्षक निर्देशिकाको अध्ययन गरी यसका आधारमा पाठयोजना निर्माण लगायत समग्र शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी अभ्यास के-कसरी गरिराखेका छन् ? भन्ने बारेमा यस अध्ययनमा समावेश भएका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको अन्तर्वार्ताबाट प्राप्त सूचनालाई तलको तालिका नं. ४.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.११ : शिक्षक निर्देशिका प्रयोगको अवस्था**

| क्र.सं. | विषय | शिक्षक निर्देशिकाको प्रयोग | | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|
| | | गर्ने | नगर्ने | |
| १ | गणित | २ | २ | ४ |
| २ | विज्ञान | ३ | १ | ४ |
| ३ | सामाजिक अध्ययन | ४ | – | ४ |
| | जम्मा | ९ | ३ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.११ लाई विश्लेषण गर्दा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये गणित विषयका ४ जना शिक्षकहरू मध्ये २ जना शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग गर्ने र २ जना शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग नगर्ने गरेको पाइयो । यसैगरी विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये ३ जना शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग गर्ने र १ जना शिक्षकले शिक्षक निर्देशिकाको प्रयोग नगर्ने गरेको पाइयो । र सामाजिक अध्ययन विषयका ४ जना शिक्षकहरू मध्ये ४ जना शिक्षकहरूले नै शिक्षक निर्देशिकाको प्रयोग गर्ने गरेको पाइयो । तर विद्यार्थीहरूको छलफलका क्रममा प्राप्त प्रतिक्रियाका आधारमा शिक्षक निर्देशिकाको प्रयोग शिक्षकले गर्ने नगर्ने बारेमा थाहा नभएको बताए ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका मा.वि. तहका १२ जना गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरू मध्ये ९ जना शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग गर्ने र ३ जना शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग नगर्ने गरेको पाइयो । कक्षा अवलाकेन गर्दा शिक्षकले शिक्षक निर्देशिकाको प्रयोग भएको पाइयो ।

### ४.४.१.२ पाठयोजना निर्माणको अवस्था

यस सब उप-शीर्षकमा शिक्षकले पाठको विषयवस्तु अनुसार शिक्षक निर्देशिकामा उल्लेख भए बमोजिम शिक्षण कार्यलाई योजनाबद्ध तथा व्यवस्थित पार्न पाठयोजनाको निर्माण गर्छन् वा गर्दैनन् ? भन्ने बारेमा शिक्षकको अन्तर्वार्ताबाट प्राप्त सूचनालाई तलको तालिका नं. ४.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१२ : पाठयोजना निर्माणको अवस्था**

| क्र.सं | विषय | पाठयोजना निर्माण | | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|
| | | गर्ने | नगर्ने | |
| १ | गणित | ३ | १ | ४ |
| २ | विज्ञान | ३ | १ | ४ |
| ३ | सामाजिक अध्ययन | ३ | १ | ४ |

| | जम्मा | ९ | ३ | १२ |
|---|---|---|---|---|

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.१२ लाई विश्लेषण गर्दा छनोटमा परेका जम्मा १२ जना शिक्षकहरूमा गणित विषयका ४ जना शिक्षकहरू मध्ये पाठयोजना निर्माण गर्ने ३ जना शिक्षकहरू र नगर्ने १ जना शिक्षक रहेको पाइयो । यसैगरी विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये पाठयोजना निर्माण गर्ने ३ जना शिक्षकहरू र नगर्ने १ जना शिक्षक रहेको पाइयो । र सामाजिक अध्ययन विषयका ४ जना शिक्षकहरू मध्ये ३ जना शिक्षकहरू पाठयोजनाको निर्माण गर्ने र १ जना शिक्षकले पाठयोजनाको निर्माण नगर्ने गरेको पाइयो । तर विद्यार्थीहरूको छलफलबाट प्राप्त प्रतिक्रियाका आधारमा लिखित रूपमा पाठयोजनाको निर्माण नदखेको बताए । कक्षाकोठाको अवलाकेनको क्रममा शिक्षकले लिखित रूपमा पाठ्योजनातयार नगरेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये पाठयोजनाको निर्माण गर्ने ९ जना शिक्षकहरू र नगर्ने ३ जना शिक्षकहरू रहेको देखियो, भने शिक्षकको कक्षा अवलोकन गर्दा कुनै पनि शिक्षकहरूले दैनिक रूपमा पाठयोजनाको निर्माण गरेको पाइएन, तर सबै शिक्षकहरूले मानसिक रूपमा पढाउने पाठको योजना बुदाँगत रूपमा तयारी गरी कक्षामा प्रस्तुत भएको अनुमान गर्न सकिन्छ ।

### ४.४.२ शिक्षकले शिक्षण गर्दा कक्षाकोठा व्यवस्थापनको अवस्था

शिक्षकले, पाठले तोकेअनुसार कक्षाकोठाको राम्रो व्यवस्थापन गरी शिक्षण क्रियाकलाप संचालन गरेमा शिक्षण सिकाइ प्रभावकारी हुन्छ । विशेष गरेर कक्षामा विद्यार्थीको बस्ने व्यवस्था, उपयुक्त कक्षाकोठाको वातावरण र पाठको विषयवस्तु अनुसार कक्षा व्यवस्थापन हुनु अत्यन्त जरुरी हुन्छ । यसैले यस उप-शीर्षक अन्तर्गत शिक्षकको अन्तर्वार्ता, कक्षा अवलोकन र विद्यार्थीहरूको सामुहिक छलफल गरी कक्षाकोठा व्यवस्थापनको अवस्था सम्बन्धी सूचना संकलन गरिएको थियो । जस अनुसार छनोटमा परेका चारवटै विद्यालयहरूमा मा.वि. तहका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका विषय शिक्षकहरूलाई अन्तर्वार्ताका माध्यमबाट सूचना संकलन गर्दा यी विद्यालयका शिक्षकहरूले शिक्षण गर्दा सधैं कक्षाकोठाको उपयक्त व्यवस्थापन गर्ने गरेको जवाफ प्राप्त भएको छ । तर उनीहरूका अनुसार सधैं पाठको विषयवस्तु अनुसार सधैं कक्षाकोठाको व्यवस्थापन गर्न विद्यार्थीको ठूलो संख्या, भौतिक अभाव र समयको अभावका कारणले कठिन परिरहेको कुरा बताएका छन् ।

यस अध्ययनका लागि छनोटमा परेका कक्षा-९ को कक्षा व्यवस्थापनको अवस्थालाई अवलोकन गर्दा चारवटै विद्यालयमा विद्यार्थीको संख्या अनुसार प्रयाप्त बेन्च, डेस्क, तथा कोठाको व्यवस्था रहेको पाइयो । कक्षामा विद्यार्थीहरूलाई छात्र र छात्रा अनुसार छुट्टाछुट्टै बेन्चमा

दुईवटा लहर बनाएर बस्ने व्यवस्था गरिएको पाइयो । विशेष गरेर सबै विद्यालयहरूमा कक्षाकोठाको सुरुका बेच्नहरूको दायाँ भागमा छात्र र बायाँ भागमा छात्राहरूलाई बस्ने व्यवस्था मिलाएको पाइयो । शिक्षकलाई कक्षाकोठामा शिक्षण गर्दा घुम्नका लागि बीच भागमा खालि राखेको पाइयो । कक्षाकोठा वातावरणलाई हेर्दा सामाजिक वातावरण अन्तर्गत विद्यार्थीहरू विभिन्न जात, संस्कृति, रहनसहन र मूल्यमान्यता भएका तथा तिनीहरूको जात, संस्कृति, मूल्य, मान्यतामा चोट नपुग्ने गरी एक आपसमा सहयोग सद्भाव र मैत्रीपूर्ण भावनाको विकास गर्ने वातावरण शिक्षकहरूबाट कक्षा शिक्षण गर्दा सृजना गरिएको पाइयो, भने भौतिक वातावरण हेर्दा सबै विद्यालय भौतिक रूपमा विद्यार्थीको संख्या अनुसार विद्यालय भवन, कक्षाकोठाको आकार, कक्षाकोठामा प्रकाश, हावा र तापक्रम रहेको पाइयो । कक्षामा कालोपाटी उपयुक्त आकारको तथा स्थानमा रहेको पाइयो । तर कक्षाकोठामा विद्यार्थीको बसाइ व्यवस्थापन गर्दा पाठको विषयवस्तु अनुसार शिक्षक तालिममा सिकेको ज्ञान र सीपलाई प्रयोग गरी यू आकारको बँसाइ, अर्धगोलाकार बसाइ, भी आकारको बसाइ आदिद्वारा बसाइ व्यवस्थापन गरिएको पाइएन । कक्षामा पाठको शिक्षण गर्दा सधै परम्परागत किसिमको समतलीय बसाइ बसाल्ने गरेको पाइयो । यसको कारण शिक्षकहरूले तालिममा सिकेका ज्ञान, सीपलाई कक्षाकोठामा प्रयोग नगर्नु, सबै किसिमको बसाइका लागि कक्षाकोठा आकार उपयुक्त नहुनु र समयको अभाव आदि रहेको पाइयो । कक्षाकोठा बसाइ व्यवस्थापन गर्दा विशेष गरी परम्परागत किसिमको समतलीय आकारको बसाइ बसालेर विद्यार्थीलाई शिक्षण गर्नाले सबै क्षमता, स्तर, विशेषता भएका दृष्टि कमजोर तथा विशेष किसिमका विद्यार्थीहरूलाई समान किसिमले शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय सहभागि बनाएर शिक्षण गर्न शिक्षकहरूलाई कठिन भइरहेको कक्षा अवलोकन गर्दा तथा विद्यार्थीहरूको भनाइ अनुसार रहेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका सबै विद्यालयहरू भौतिक रूपले सम्पन्न, कक्षाकोठामा विद्यार्थीहरूको संख्या अनुपातमा बेन्च, डेस्क, कक्षाकोठा, उपयुक्त हावा, तापक्रम रहेको हुनुपर्ने । तर बसाइ व्यवस्थापन भने पाठको विषयवस्तु अनुसार नभएर परम्परागत किसिमको समतलीय आकारको बसाइ बसाल्ने गर्नुपर्दछ । जसले गर्दा सबै क्षमता, स्तर, विशेषता र विशेष किसिमका विद्यार्थीहरूलाई सक्रिय सहभागि बनाएर शिक्षकले शिक्षण गर्न गर्नुपर्दछ ।

जसको लागि शिक्षकले उचित कक्षा व्यवस्थापन गर्ने, जान्ने नजान्ने विद्यार्थी मिलाएर राख्ने, मूल्याङ्कन प्रक्रियाद्वारा शिक्षण गर्ने हरेक दिन गृहकार्य दिई परीक्षण गर्नेकार्य गर्नुपर्दछ ।

### ४.४.३ शिक्षकले कक्षा शिक्षण गर्दा पाठको सुरुवात

शिक्षकले कक्षाकोठामा प्रवेश गरेपछि कक्षामा पाठको सुरुवात गर्दा अपनाउने तरिकाहरू बारेमा छनोटमा परेका ४ वटा विद्यालयका कक्षा-९ का गणित, विज्ञान र सामाजिक

अध्ययन विषयका विषय शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त सूचनालाई तलको तालिका नं. ४.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१३ : शिक्षकले कक्षा शिक्षण गर्दा पाठको सुरुवात**

| क्र.सं. | पाठको सुरुवात | शिक्षक संख्या | | | जम्मा शिक्षक |
|---|---|---|---|---|---|
| | | गणित | विज्ञान | सामाजिक अध्ययन | |
| १ | पाठको शीर्षक कालोपाटीमा लेखेर विद्यार्थीहरूलाई हल्ला नगर्न भनेर । | १ | २ | १ | ४ |
| २ | पाठ शीर्षकसँग मिल्ने घटना, विषयवस्तु तथा उदाहरण दिँदै पाठको विषयवस्तुमा प्रवेश गरेर । | - | - | १ | १ |
| ३ | उखान टुक्का, चुट्किला भनेर । | - | - | - | - |
| ४ | सिधै पाठको विषयवस्तुमा प्रवेश गरेर । | १ | १ | - | २ |
| ५ | पूर्व पाठसँग सम्बन्ध जोड्दै नयाँ पढाउने पाठको सुरुवात गरेर | २ | १ | २ | ५ |
| | जम्मा | ४ | ४ | ४ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.१३ मा छनोटमा परेका मा.वि. तहका कक्षा-९ का गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूले कक्षा शिक्षणको सुरुवात गर्न अपनाउने तरिकालाई विश्लेषण गर्दा गणित विषय शिक्षण गर्ने ४ जना शिक्षकहरू मध्ये पाठको शीर्षक कालोपाटीमा टिपेपछि पूर्वपाठसँग सम्बन्ध जोडेर नयाँ पाठको सुरुवात गर्ने २ जना शिक्षकहरू, पाठको शीर्षक कालोपाटीमा लेखेर विद्यार्थीलाई हल्ला नगर्न भनेर पाठको सुरुवात १ जना शिक्षक र सिधै पढाउने विषयवस्तुमा प्रवेश गरेर पाठको सुरुवात १ जना शिक्षकले गर्ने गरेको पाइयो । यसैगरी विज्ञान विषय शिक्षण गर्ने ४ जना शिक्षकहरू मध्ये पाठको शीर्षक कालोपाटीमा लेखेर विद्यार्थीलाई हल्ला नगर्न भनेर पाठको सुरुवात गर्ने शिक्षकहरू २ जना, सिधै पढाउने विषयवस्तुमा प्रवेश गरी पाठको सुरुवात गर्ने शिक्षक १ जना र पूर्वपाठसँग सम्बन्ध जोडेर नयाँ शिक्षण गर्ने पाठको सुरुवात गर्ने शिक्षक १ जना रहेको पाइयो । र सामाजिक अध्ययन विषयका जम्मा ४ जना शिक्षकहरू मध्ये पूर्व पाठसँग सम्बन्ध जोडेर नयाँ शिक्षण गर्ने पाठको सुरुवात गर्ने शिक्षक २ जना, पाठको शीर्षक कालोपाटीमा लेखेर विद्यार्थीहरूलाई हल्ला नगर्न भनेर पाठको सुरुवात गर्ने शिक्षक १ जना र पाठ शीर्षकसँग मिल्ने घटना, विषयवस्तु तथा उदाहरण दिँदै पाठको विषयवस्तुमा प्रवेश गरी पाठको सुरुवात गर्ने शिक्षक १ जना रहेको पाइयो । तर विद्यार्थीका अनुसार अधिकांश शिक्षकहरूले कक्षाकोठामा पाठको शीर्षक कालोपाटीमा लेखेर पाठको विषयवस्तुको सुरुवात गर्ने गरेको बताएको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका जम्मा १२ जना शिक्षकहरू मध्ये पूर्वपाठसँग सम्बन्ध

जोड्दै नयाँ पढाउने पाठको सुरुवात गर्ने शिक्षकहरू ५ जना, पाठको शीर्षक कालोपाटीमा लेखेर विद्यार्थीहरूलाई हल्ला नगर्न भनेर पाठको सुरुवात गर्ने शिक्षकहरू ४ जना, सिधै पाठको विषयवस्तुमा प्रवेश गरेर पाठको सुरुवात गर्ने शिक्षकहरू २ जना र पाठको शीर्षकसँग मिल्ने घटना, विषयवस्तु तथा उदाहरण दिँदै पाठको विषयवस्तुमा प्रवेश गरेर पाठको सुरुवात गर्ने शिक्षक १ जना रहेको देखिए तापनि विद्यार्थीका अनुसार अधिकांश शिक्षकहरूले पाठको शीर्षक कालोपाटीमा लेखेर पाठ शिक्षणको सुरुवात गर्ने गरेको बताएका छन् ।

### ४.४.४ शिक्षकले शिक्षण गर्दा शिक्षण विधि प्रयोगको अवस्था

शिक्षकले कक्षा शिक्षण सिकाइ अभ्यासलाई सही रूपमा तथा प्रभावकारी ढंगले सम्पन्न गर्ने महत्त्वपूर्ण माध्यम शिक्षण विधि हो । कक्षा शिक्षण गर्दा पाठको विषयवस्तु अनुसार उपयुक्त विधि प्रयोग गरेर शिक्षण गर्दा मात्र शिक्षण उद्देश्यमूलक हुन्छ । यस उप-शीर्षकमा छनोटमा परेका मा.वि. तहका कक्षा-९ का गणित, विज्ञान र सामाजिक अध्ययन विषयका जम्मा १२ जना शिक्षकहरूले कक्षा शिक्षण अभ्यासका क्रममा प्रयोग गर्ने शिक्षण विधिको बारेमा शिक्षकको अन्तर्वार्ता, विद्यार्थीहरूको लक्षित समूह छलफल र कक्षा अवलोकनबाट संकलन गरिएको सूचनालाई तलको तालिका नं. ४.१४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१४ : शिक्षकले कक्षा शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिहरू**

| क्र.सं. | पाठको सुरुवात | शिक्षकका अनुसार | | | विद्यार्थीका अनुसार | | | कक्षा अवलोकन अनुसार | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ग | वि | सा | ग | वि | सा | ग | वि | सा |
| १ | व्याख्यान विधि | २ | ४ | ४ | – | ४ | ४ | – | ४ | ४ |
| २ | छलफल विधि | – | – | ४ | – | – | २ | – | – | – |
| ३ | प्रश्नोत्तर विधि | ४ | २ | १ | १ | ३ | २ | १ | – | १ |
| ४ | स्थल भ्रमण विधि | – | – | ४ | – | – | १ | – | – | – |
| ५ | प्रदर्शन विधि | १ | १ | ४ | १ | १ | ३ | – | २ | – |
| ६ | समस्या समाधान विधि | ४ | – | २ | ४ | – | २ | ४ | – | – |
| ७ | प्रयोगात्मक विधि | ३ | ३ | – | १ | ३ | – | – | १ | – |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।
संकेत : ग = गणित, वि = विज्ञान, सा = सामाजिक अध्ययन

माथिको तालिका नं. ४.१४ लाई विश्लेषण गर्दा छनोटमा परेका मा.वि. तहका कक्षा-९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका विषय शिक्षकहरूले शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिको अवस्थालाई हेर्दा गणित विषयका जम्मा ४ जना शिक्षकहरू मध्ये व्याख्यान विधि शिक्षकका अनुसार २ जना शिक्षकहरूले प्रयोग गर्ने, विद्यार्थीका अनुसार कुनै पनि शिक्षकले प्रयोग नगर्ने र कक्षा अवलोकन अनुसार पनि कुनै शिक्षकले प्रयोग नगरेको पाइयो । छलफल विधि शिक्षक, विद्यार्थी र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकहरूले नगर्ने गरेको पाइयो । प्रश्नोत्तर विधि शिक्षकका अनुसार ४ जना शिक्षकहरूले प्रयोग गर्ने,

विद्यार्थीका अनुसार १ जना शिक्षकले मात्र प्रयोग गर्ने र कक्षा अवलोकन अनुसार पनि १ जना शिक्षकले मात्र प्रयोग गर्ने गरेको पाइयो । स्थल भ्रमण विधि शिक्षक, विद्यार्थी र कक्षा अवलोकनका अनुसार कुनै पनि शिक्षकले प्रयोग नगर्ने गरेको पाइयो । प्रदर्शन विधि शिक्षकका अनुसार १ जना शिक्षकले प्रयोग गर्ने, विद्यार्थीका अनुसार १ जना शिक्षकले प्रयोग गर्ने र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकले नगर्ने गरेको पाइयो । समस्या समाधान विधि भने शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार ४ जना शिक्षकहरूले नै प्रयोग गरेको पाइयो । र प्रयोगात्मक विधि शिक्षकका अनुसार ३ जना शिक्षकहरूले प्रयोग गर्ने, विद्यार्थीका अनुसार १ जना शिक्षकले प्रयोग गर्ने र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकले नगर्ने गरेको पाइयो ।

विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये व्याख्यान विधि शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने गरेको पाइयो । छलफल विधि शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकले प्रयोग नगर्ने गरेको पाइयो । प्रश्नोत्तर विधि शिक्षकका अनुसार २ जना शिक्षकहरूले प्रयोग गर्ने, विद्यार्थीका अनुसार ३ जना शिक्षकहरूले र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकहरूले प्रयोग नगर्ने गरेको पाइयो । स्थल भ्रमण विधि शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकहरूले प्रयोग नगर्ने गरेको पाइयो । प्रदर्शन विधि शिक्षकका अनुसार १ जना शिक्षकले प्रयोग गर्ने, विद्यार्थीका अनुसार पनि १ जना शिक्षकले नै प्रयोग गर्ने र कक्षा अवलोकन अनुसार २ जना शिक्षकहरूले प्रयोग गर्ने गरेको पाइयो । समस्या समाधान विधि शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकहरूले प्रयोग नगर्ने गरेको पाइयो । र प्रयोगात्मक विधि शिक्षकका अनुसार ३ जना शिक्षकहरूले, विद्यार्थीका अनुसार पनि ३ जना शिक्षकहरूले नै प्रयोग गर्ने र कक्षा अवलोकन अनुसार १ जना शिक्षकले मात्र प्रयोग गरेको पाइयो ।

सामाजिक अध्ययन विषयका ४ जना शिक्षकहरू मध्ये व्याख्यान विधि शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने गरेको पाइयो । छलफल विधि शिक्षकका अनुसार ४ जना शिक्षकहरूले प्रयोग गर्ने, विद्यार्थीका अनुसार २ जना शिक्षकहरूले प्रयोग गर्ने र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकहरूले प्रयोग गरेको पाइएन । प्रश्नोत्तर विधि शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार १ जना शिक्षकले मात्र प्रयोग गर्ने गरेको पाइयो । स्थल भ्रमण विधि शिक्षकका अनुसार ४ जना शिक्षकहरूले प्रयोग गर्ने, विद्यार्थीको अनुसार १ जना शिक्षकले प्रयोग गर्ने र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकले प्रयोग नगर्ने गरेको पाइयो । प्रदर्शन विधि शिक्षकका अनुसार ४ जना शिक्षकहरूले प्रयोग गर्ने, विद्यार्थीका अनुसार ३ जना शिक्षकहरूले प्रयोग गर्ने र

कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकहरूले प्रयोग नगरेको पाइयो । समस्या समाधान विधि शिक्षकका अनुसार २ जना शिक्षकहरूले, विद्यार्थीका अनुसार २ जना शिक्षकहरूले प्रयोग गर्ने र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकहरूले प्रयोग नगर्ने गरेको पाइयो । र प्रयोगात्मक विधि शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार प्रयोग नगर्ने गरेको पाइयो ।

कक्षा-९ मा गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूले कक्षा कोठामा शिक्षण गर्दा पाठको विषयवस्तु अनुसार प्रयोग गर्ने शिक्षण विधि सम्बन्धी उदाहरणहरूलाई प्रस्तुत गर्दा एक जना शिक्षकले गणित विषयमा एकाई-एघारमा "रेखिय समीकरण" पाठ पढाउँदा समस्या समाधान विधिको प्रयोग गरेको पाइयो । यस विधि अनुसार शिक्षकले शिक्षण गर्दा विद्यार्थीहरूलाई पाठसँग सम्बन्धित समस्या हल गर्न लगाउने र समस्या परेको ठाउँमा समस्या हल गर्न सहयोग गरेको पाइयो । यसैगरी विज्ञान विषयका एक जना शिक्षकले पाठ -२३ अन्तर्गत "प्राकृतिक प्रकोप" पाठ शिक्षण गर्दा व्याख्यान विधिको प्रयोग गरेर शिक्षण गरेको पाइयो । र सामाजिक अध्ययन विषयका एक जना शिक्षकले एकाई-९ अन्तर्गत "नेपालको अन्तराष्ट्रिय सम्बन्ध" पाठ शिक्षण गराउँदा व्याख्यान विधिको प्रयोग गरी पाठ सम्बन्धी विषयवस्तु, उदाहरण प्रस्तुत गरी शिक्षण गरेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की छनोटमा परेका कक्षा-९ का गणित, विज्ञान र सामाजिक अध्ययन विषयका १२ जना शिक्षकहरू मध्ये गणित विषयका ४ जना शिक्षकहरू मध्ये ४ जना शिक्षकहरूले नै समस्या समाधान विधिको बढी प्रयोग गर्ने गरेको देखियो । यसैगरी विज्ञान र सामाजिक अध्ययन विषयका ४/४ जना शिक्षकहरूले व्याख्यान विधिको बढी प्रयोग गर्दै आइरहेको देखियो । कहिलेकाही मात्र केही शिक्षकहरूले प्रदर्शन विधि, प्रश्नोत्तर विधि, प्रयोगात्मक विधि आदिको प्रयोग गर्ने गरेको देखियो । जसले गर्दा विद्यार्थीहरूलाई शिक्षण सिकाई क्रियाकलापमा सक्रिय सहभागिता गराउन शिक्षकले नसकेको देखिन्छ । शिक्षकको शिक्षणप्रति सकारात्मक धारणा भएका अधिकांश शिक्षकहरूले पनि शिक्षण गर्दा परम्परागत व्याख्यान विधिको बढी प्रयोग गर्ने देखिएबाट शिक्षण सिकाई क्रियाकलाप सन्तोषजनक रहेको मान्न सकिँदैन ।

### ४.४.५ शिक्षकले शिक्षण गर्दा शिक्षण सामग्री प्रयोगको अवस्था

यस उप-शीर्षकमा छनोटमा परेका मा.वि. तहका कक्षा-९ मा अध्यापन गर्ने गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूले शिक्षण गर्दा के-कस्ता सामग्रीहरू प्रयोग गर्दछन् ? भन्ने बारेमा संकलन गरेको सूचनाका आधारमा गणित विषयमा शिक्षकहरूले, ग्राफ चार्ट, रेखा गणितीय औजार आदिको प्रयोग गर्ने गरेको पाइयो । यसैगरी विज्ञान विषयमा शिक्षकहरूले चार्ट, चित्र, रासायनिक विज्ञानका प्रयोगात्मक सामग्रीहरू आदिको प्रयोग गर्ने

गरेको पाइयो, भने सामाजिक अध्ययन विषयका शिक्षकहरूले चार्ट, ग्लोव, नक्सा, चित्रहरू, पत्रपत्रिका आदिको प्रयोग गर्ने गरेको पाइयो । यसै गरी शिक्षकले शिक्षण गर्दा शिक्षण सामग्रीहरूको निरन्तर प्रयोग कति गरिराखेका छन् ? भन्ने बारेमा संकलन गरिएको सूचनालाई तलको तालिका नं. ४.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१५ : शिक्षकले शिक्षण गर्दा शिक्षण सामग्री प्रयोग**

| क्र.सं. | विषय | जम्मा शिक्षक संख्या | प्रयोग गर्ने शिक्षक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | शिक्षकका अनुसार | | विद्यार्थीका अनुसार | | कक्षा अवालोकन अनुसार | |
| | | | सधै | कहिलेकाही | सधै | कहिलेकाही | सधै | कहिलेकाही |
| १ | गणित | ४ | २ | २ | – | ४ | – | ४ |
| २ | विज्ञान | ४ | ३ | १ | – | ४ | – | ४ |
| ३ | सामाजिक अध्ययन | ४ | १ | ३ | – | ४ | – | ४ |
| | जम्मा | १२ | ६ | ६ | – | १२ | – | १२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.१५ मा शिक्षकले शिक्षण गर्दा गणित, विज्ञान र सामाजिक अध्ययन विषयका जम्मा १२ जना शिक्षकहरूले शिक्षण सामग्रीहरूको प्रयोग नियमित रूपले गर्छन वा गर्दैनन् ? भन्ने बारेमा विश्लेषण गरेर हेर्दा गणित विषयका ४ जना शिक्षकहरू मध्ये शिक्षकका अनुसार शिक्षण सामग्रीको प्रयोग सधै गर्ने २ जना र कहिलेकाही गर्ने २ जना शिक्षकहरू रहेको पाइयो । विद्यार्थीका अनुसार शिक्षण सामग्रीको प्रयोग सधै कुनै पनि शिक्षकले नगर्ने र कहिलेकाही ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने गरेको पाइयो । कक्षा अवलोकन अनुसार शिक्षण सामग्रीको सधै कुनै पनि शिक्षकले नगर्ने र कहिलेकाही ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने गरेको पाइयो । विज्ञान विषयका ४ जना शिक्षकहरू  मध्ये शिक्षकका अनुसार, शिक्षण सामग्रीको सधै ३ जना शिक्षकहरू र कहिलेकाही गर्ने १ जना शिक्षक रहेको पाइयो । विद्यार्थीका अनुसार शिक्षण सामग्रीको प्रयोग सधै कुनै पनि शिक्षकले नगर्ने र कहिलेकाही ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने गरेको पाइयो । कक्षा अवलोकन अनुसार शिक्षण सामग्रीको प्रयोग सधै कुनै पनि शिक्षकले नगर्ने र कहिलेकाही ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने गरेको पाइयो । यसैगरी सामाजिक अध्ययन विषयका ४ जना शिक्षकहरू मध्ये शिक्षकका अनुसार शिक्षण सामग्रीको प्रयोग सधै गर्ने १ जना र कहिलेकाही गर्ने ३ जना शिक्षकहरू रहेको पाइयो । विद्यार्थीका अनुसार शिक्षण सामग्रीको प्रयोग सधै कुनै पनि शिक्षकले नगर्ने र कहिलेकाही ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने गरेको पाइयो र कक्षा अवलोकन अनुसार शिक्षण सामग्रीको प्रयोग सधै गर्ने कुनै पनि शिक्षक नरहेको र कहिलेकाही ४ जना शिक्षकहरूले नै प्रयोग गर्ने गरेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की गणित, विज्ञान र सामाजिक अध्ययन विषयका १२ जना शिक्षकहरू मध्ये शिक्षकका अनुसार शिक्षण सामग्रीको प्रयोग सधै गर्ने ६ जना र कहिलेकाही गर्ने ६ जना रहेको देखिएता पनि विद्यार्थीका अनुसार र कक्षा

अवलोकन अनुसार शिक्षण सामग्रीको प्रयोग सधैं कुनै पनि शिक्षकले नगर्ने र कहिलेकाही १२ जना शिक्षकहरूले नै प्रयोग गर्ने गरेको देखियो । यसको कारण शिक्षकहरूका अनुसार विद्यालयमा पाठ्यक्रमले तोकेअनुसार शिक्षण सामग्री नहुनु, समयको अभाव, आर्थिक अभाव र शिक्षकहरूलाई शिक्षण सामग्री बनाउने सीपको अभाव रहेको छ ।

### ४.४.६ शिक्षकले कक्षा शिक्षणका क्रममा विद्यार्थी मूल्याङ्कन

शिक्षकले कक्षा शिक्षणको क्रममा तथा अन्त्यमा विद्यार्थी मूल्याङ्कन निरन्तर गर्दछ वा गर्दैन ? र कसरी गर्दछन् ? भन्ने बारेमा शिक्षकको अन्तर्वार्ता, विद्यार्थीहरूको लक्षित समूह छलफल र कक्षा अवलोकनका आधारमा संकलन गरेको सूचना अनुसार छनोटमा परेका १२ जना शिक्षकहरूले नै कक्षा शिक्षणको क्रममा तथा अन्त्यमा विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो । साथै विद्यार्थी मूल्याङ्कन कसरी गर्दछन् ? भन्ने बारेमा संकलन गरिएको सूचनाहरूलाई तलको तालिका नं. ४.१६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१६ : शिक्षकले कक्षा शिक्षण गर्दा विद्यार्थी मूल्याङ्कन गर्ने तरिका**

| क्र.सं. | मूल्याङ्कन गर्ने तरिकाहरू | शिक्षक संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शिक्षकका अनुसार | | | विद्यार्थीका अनुसार | | | कक्षा अवलोकन अनुसार | | |
| | | ग | वि | सा | ग | वि | सा | ग | वि | सा |
| १ | सामुहिक प्रश्न सोधेर | – | १ | ४ | – | – | २ | – | – | १ |
| २ | व्यक्तिगत प्रश्न सोधेर | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ३ | कक्षाकार्य गर्न लगाएर | ४ | – | – | ४ | – | – | ४ | – | – |
| ४ | कक्षामा प्रस्तुतिकरण गर्न लगाएर | – | – | २ | – | – | १ | – | – | – |
| ५ | प्रयोगात्मक कार्य गर्न लगाएर | – | ४ | – | – | ४ | – | – | १ | – |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।
संकेत : ग = गणित, वि = विज्ञान, सा = सामाजिक अध्ययन

माथिको तालिका नं. ४.१६ मा शिक्षकले कक्षा शिक्षण गर्दा गणित, विज्ञान र सामाजिक अध्ययन विषयका १२ जना शिक्षकहरूले विद्यार्थी मूल्याङ्कन गर्ने तरिकालाई विश्लेषण गरेर हेर्दा गणित विषयका ४ जना शिक्षकहरू मध्ये शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार सामूहिक प्रश्न सोधेर विद्यार्थी मूल्याङ्कन कुनै पनि शिक्षकले नगर्ने गरेको पाइयो । व्यक्तिगत प्रश्न सोधेर शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार ४ जना शिक्षकहरूले नै विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो । कक्षा कार्य गर्न लगाएर शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार ४ जना शिक्षकहरूले नै विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो । कक्षामा प्रस्तुतीकरण गर्न लगाएर र प्रयोगात्मक कार्य गर्न लगाएर शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन

अनुसार कुनै पनि शिक्षकले विद्यार्थी मूल्याङ्कन नगर्ने गरेको पाइयो । यसै गरी विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये सामूहिक प्रश्न सोधेर शिक्षकका अनुसार १ जना शिक्षकले विद्यार्थी मूल्याङ्कन गर्ने गरेको र विद्यार्थीका अनुसार तथा कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकले विद्यार्थी मूल्याङ्कन नगर्ने गरेको पाइयो । व्यक्तिगत प्रश्न सोधेर शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार ४ जना शिक्षकहरूले नै विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो । कक्षाकार्य गर्न लगाएर र कक्षामा प्रस्तुतिकरण गर्न लगाएर शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकहरूले विद्यार्थी मूल्याङ्कन नगर्ने गरेको पाइयो । प्रयोगात्मक कार्य गर्न लगाएर शिक्षकका अनुसार ४ जना शिक्षकहरूले, विद्यार्थीका अनुसार पनि ४ जना शिक्षकहरूले नै र कक्षा अवलोकन अनुसार १ जना शिक्षकले मात्र विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो । र सामाजिक अध्ययन विषयका ४ जना शिक्षकहरू मध्ये सामूहिक प्रश्न सोधेर शिक्षकका अनुसार ४ जना शिक्षकहरूले, विद्यार्थीका अनुसार २ जना शिक्षकहरूले र कक्षा अवलोकन अनुसार १ जना शिक्षकले मात्र विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो । व्यक्तिगत प्रश्न सोधेर शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार ४ जना शिक्षकहरूले नै विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो । कक्षाकार्य गर्न लगाएर शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकले विद्यार्थी मूल्याङ्कन नगर्ने गरेको पाइयो । कक्षामा प्रस्तुतीकरण गर्न लगाएर शिक्षकका अनुसार २ जना शिक्षकहरूले, विद्यार्थीका अनुसार १ जना शिक्षकले विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो र कक्षा अवलोकन अनुसार कुनै पनि शिक्षकले विद्यार्थी मूल्याङ्कन नगर्ने गरेको पाइयो । प्रयोगात्मक कार्य गर्न लगाएर शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार ४ जना शिक्षकहरूले नै विद्यार्थी मूल्याङ्कन नगर्ने गरेको पाइयो ।

कक्षा-९ मा गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूले कक्षा शिक्षणका क्रममा विद्यार्थीको मूल्याङ्कन सम्बन्धी उदाहरणलाई प्रस्तुत गर्दा एक जना गणित विषयका शिक्षकले "समानान्तर चतुर्भुज" पाठ शिक्षण गर्दा समानान्तर चतुर्भुज भनेको के हो ? समानान्तर चतुर्भुज कस्तो हुन्छ ? कालोपाटीमा चित्र बनाउनुहोस् ? जस्ता प्रश्न सोधेर विद्यार्थी मूल्याङ्कन गरेको पाइयो । यसै गरी विज्ञान विषयका एक जना शिक्षकले "प्राकृतिक प्रकोप" पाठ शिक्षण गर्दा प्राकृतिक प्रकोप भनेको के हो ?, प्राकृतिक प्रकोपका कारण के-के छन् ? जस्ता प्रश्नहरू सोधेर विद्यार्थीको मूल्याङ्कन गरेको पाइयो र सामाजिक अध्ययन विषयका एक जना शिक्षकले "नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध" पाठ शिक्षण गर्ने क्रममा नेपालका नजिकका छिमेकी राष्ट्र कुन-कुन हुन् ? नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध कस्तो छ ? जस्ता प्रश्नहरू व्यक्तिगत रूपमा विद्यार्थीहरूलाई सोधेर विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की कक्षाकोठामा शिक्षण क्रियाकलापका क्रममा गणित, विज्ञान र सामाजिक अध्ययन विषयका १२ जना शिक्षकहरूले विद्यार्थीहरूले उपलब्धि के-कति हाँसिल गरे भनेर विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य रूपले व्यक्तिगत प्रंश्नहरू सोधेर विद्यार्थीहरूको मूल्याङ्कन गर्ने गरेको देखियो । साथै गणित विषयमा कक्षाकार्य र विज्ञान विषयमा प्रयोगात्मक कार्य पनि गर्न लगाएर विद्यार्थीको कक्षा शिक्षणको क्रममा मूल्याङ्कन गर्ने गरेको देखियो ।

### ४.४.७ शिक्षकले कक्षा शिक्षणका अन्त्यमा गृहकार्य

उस उप-शीर्षकमा छनोटमा ४ वटा मा.वि. मध्ये कक्षा-९ को गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूले कक्षा शिक्षणको अन्त्यमा गृहकार्य नियमित दिने वा नदिने के गरेका छन् ? भन्ने बारेमा शिक्षकको अन्तर्वार्ता, विद्यार्थीहरूको लक्षित समूह छलफल र कक्षा अवलोकन गरी संकलन गरिएको सूचनालाई तलको तालिका नं. ४.१७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१७ : कक्षा शिक्षणको अन्त्यमा गृहकार्य**

| क्र.सं. | विषय | जम्मा शिक्षक संख्या | गृहकार्य दिने शिक्षक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | शिक्षकका अनुसार | | विद्यार्थीका अनुसार | | कक्षा अवालोकन अनुसार | |
| | | | सधै | कहिलेकाही | सधै | कहिलेकाही | सधै | कहिलेकाही |
| १ | गणित | ४ | ४ | – | ४ | – | ४ | – |
| २ | विज्ञान | ४ | ४ | – | ४ | – | ४ | – |
| ३ | सामाजिक अध्ययन | ४ | ३ | १ | ३ | १ | ३ | १ |
| | जम्मा | १२ | ११ | १ | ११ | १ | ११ | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं. ४.१७ मा शिक्षकले कक्षा शिक्षणको अन्त्यमा गणित, विज्ञान र सामाजिक अध्ययन विषयका जम्मा १२ जना शिक्षकहरूले विद्यार्थीहरूलाई गृहकार्य नियमित दिने वा नदिने बारेमा विश्लेषण गर्दा गणित विषयका ४ जना शिक्षकहरू मध्ये शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार ४ जना शिक्षकहरूले नै सधै गृहकार्य दिने गरेको पाइयो, भने कहिलेकाही गृहकार्य दिने शिक्षक कुनै पनि नरहेको पाइयो । यसै गरी विज्ञान विषयका ४ जना शिक्षकहरू मध्ये शिक्षकका अनुसार, विद्यार्थीका अनुसार र कक्षा अवलोकन अनुसार ४ जना शिक्षकहरूले नै सधै गृहकार्य दिने गरेको पाइयो, भने कहिलेकाही गृहकार्य दिने शिक्षक कुनै पनि नरहेको पाइयो र सामाजिक अध्ययन विषयका ४ जना

शिक्षकहरू मध्ये गृहकार्य शिक्षकका अनुसार ३ जना शिक्षकहरूले सधै दिने र १ जना शिक्षकले कहिलेकाही दिने गरेको पाइयो । विद्यार्थीका अनुसार गृहकार्य ३ जना शिक्षकहरूले सधै दिने १ जना शिक्षकले कहिलेकाही दिने गरेको पाइयो । र कक्षा अवलोकन अनुसार पनि गृहकार्य ३ जना शिक्षकहरूले सधै दिने र १ जना शिक्षकले कहिलेकाही दिने गरेको पाइयो । विद्यार्थीहरूलाई दिएको गृहकार्य नियमित रूपमा परीक्षण गर्ने गरेको पाइयो । गृहकार्य विद्याार्थीहरूलाई नियमित दिने गर्दा विद्यार्थीहरूमा शिक्षण गरेको पाठको विषयवस्तुका बारेमा ठोस दृष्टिकोण तथा स्थिर सिकाइ गर्नमा मद्दत पुगेको प्रतिक्रिया शिक्षक र विद्यार्थीहरूबाट प्राप्त भएको छ ।

यसरी माथिको विश्लेषणबाट यो निष्कर्ष प्राप्त हुन्छ, की गणित, विज्ञान र सामाजिक अध्ययन विषयका १२ जना शिक्षकहरू मध्ये ११ जना शिक्षकहरूले विद्यार्थीहरूलाई गृहकार्य सधै दिने गरेको देखियो र १ जना सामाजिक अध्ययन विषयका शिक्षकले मात्र विद्यार्थीहरूलाई गृहकार्य कहिलेकाही दिने गरेको देखियो । शिक्षकले विद्यार्थीलाई दिएको गृहकार्य सधै परीक्षण गर्ने गरेको तथा गृहकार्य विद्यार्थीहरूलाई सधै दिनाले विद्यार्थीहरूमा पाठको विषयवस्तु बारे ठोस दृष्टिकोण तथा स्थिर सिकाइ गर्नमा मद्दत पुऱ्याएको देखिन्छ ।

### ४.५ शिक्षकको शिक्षण प्रतिको धारणाले शिक्षण अभ्यासमा पारेको प्रभाव

यस शीर्षक अन्तर्गत मा.वि. तहका गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको शिक्षण प्रतिको धारणाले अभ्यासमा पारेको प्रभावका बारेमा यसभन्दा अगाडिका शीर्षकहरूमा गरेको सूचनाहरूको विश्लेषण र व्याख्याका आधारमा यस शीर्षकको लागि आवश्यक पर्ने सूचना संकलन गरी विश्लेषण गर्दा छनोटमा परेका १२ जना शिक्षकहरू मध्ये १० जना शिक्षकहरूको शिक्षणप्रति सकारात्मक धारणा र २ जना शिक्षकहरूको शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो, भने नकारात्मक धारणा कुनै पनि शिक्षकहरूमा नरहेको पाइयो । शिक्षकहरूको शिक्षण प्रतिको धारणाले शिक्षण अभ्यासमा प्रभाव पारेको पाइयो । शिक्षणप्रति सकारात्मक धारणा भएका शिक्षकहरूमा शिक्षण पेशाप्रति रुचि शिक्षण पेशाप्रति सन्तुष्टि रहेको पाइयो । जसले गर्दा उनीहरूले कक्षा शिक्षण अभ्यासका लागि विषयवस्तुको तयारी, कक्षाकोठाको उपयुक्त व्यवस्थापन, शिक्षण विधि छनोट, शिक्षण सामग्रीको उपयुक्त निमार्ण र प्रयोग गर्ने गरेका तथा विद्यार्थीहरूको शिक्षण सिकाईको क्रममा उपयुक्त तरिकाले मूल्याङ्कन गर्ने गरेको पाइयो । यसै गरी यस्ता शिक्षकहरूबाट नियमित रूपमा विद्यार्थीहरूलाई गृहकार्य दिने र परीक्षण गर्ने गरेको पाइयो । तर शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा हुँदाहुँदै पनि पाठ्यक्रमले तोके बमोजिमका पाठ्यपुस्तकहरू समय भित्रै विद्यालयमा नपुग्नु, शिक्षण सामग्री, कक्षाकोठाको उपयुक्त व्यवस्थापन नहुनुका कारणले गर्दा शिक्षण अभ्यासमा सशक्तता आएको पाइएन । साथै अधिकांश विद्यालयमा शिक्षण गर्ने विषय शिक्षकहरू यस तहमा अस्थायी रूपमा काम गरिरहेका कारण शिक्षण पेशामा कहिलेसम्म रहिने हो भन्ने अनिश्चितताका

कारणले शिक्षण अभ्यास त्यति मेहनत लगाएर गरेको कम पाइयो । यसैगरी शिक्षणप्रति तटस्थ धारणा भएका शिक्षकले शिक्षण अभ्यास गर्दा त्यति सक्रियता पूर्वक गरेको पाइएन । यस्ता शिक्षकहरूबाट शिक्षण गर्ने पाठको तयारी, कक्षाकोठाको व्यवस्थापन, शिक्षण विधि, शिक्षण सामग्रीको प्रयोग, विद्यार्थीको कक्षा शिक्षणका क्रममा मूल्याङ्कन तथा गृहकार्य दिने र परीक्षण गर्ने कार्य सकारात्मक धारणा भएका शिक्षकहरूको तुलनामा न्यून किसिमको रहेको पाइयो ।

यसरी निष्कर्षमा भन्नुपर्दा शिक्षकको शिक्षण प्रतिको धारणाले शिक्षण अभ्यासमा प्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । यदि शिक्षकको शिक्षणप्रति सकारात्मक धारणा भएमा त्यस्ता शिक्षकमा शिक्षणप्रति रुचि, तत्परता भई शिक्षण अभ्यास क्रियाकलाप गर्ने सीप उपयुक्त प्रकारको हुन्छ, भने शिक्षण प्रति तटस्थ धारणा हुने शिक्षकको शिक्षणप्रति रुचि, तत्परतामा तटस्थता हुने भएकाले शिक्षण अभ्यास क्रियाकलाप संचालन गर्ने सीपमा निस्कृयता रहेको हुन्छ । जसले गर्दा शिक्षण अभ्यास प्रभावकारी हुन कम मात्र सक्दछ । र शिक्षण पेशाप्रति नकारात्मक धारणा हने शिक्षकहरूको शिक्षणप्रति रुचि, तत्परता नकारात्मक हुने भएकाले शिक्षण अभ्यास क्रियाकलाप प्रभावकारी हुने अति न्यून सम्भावना हुने गर्दछ ।

# अध्याय-पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

प्रस्तुत अध्ययन कैलाली जिल्लामा अवस्थित धनगढी नगरपालिकामा रहेका जम्मा १५ वटा माध्यमिक विद्यालयहरू मध्ये उद्देश्यमूलक नमूना छनोट विधिका आधारमा छनोट गरिएका चारवटा माध्यमिक विद्यालयमा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको पृष्ठभूमि पहिचान गर्न, शिक्षकहरूको शिक्षण प्रतिको धारणा र अभ्यासको अवस्था पत्ता लगाउनमा केन्द्रित रहेको थियो । यस अध्ययनमा आवश्यक पर्ने सूचनाहरू संकलन गर्न शिक्षकको खुला प्रश्नावलीद्वारा अन्तर्वार्ता, लिकर्ट विधि प्रयोग कक्षा अवलोकन र विद्यार्थीहरूको लक्षित समूह छलफल गरी शिक्षकहरूको पृष्ठभूमि, शिक्षकहरूको शिक्षण प्रतिको धारणा र शिक्षकहरूको विषयगत अभ्यासको अवस्था पत्ता लगाइएको थियो । उक्त संकलित सूचनाहरूको विश्लेषण र व्याख्याको आधारमा प्राप्त प्राप्ति, निष्कर्ष र सुझावलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यस अध्ययनका उद्देश्य अनुरूप सूचना तथा तथ्याङ्क संकलन गरी विश्लेषण र व्याख्या पश्चात प्राप्त प्राप्तिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### (क) शिक्षकको पृष्ठभूमि सम्बन्धी प्राप्तिहरू

शिक्षकको पृष्ठभूमि अन्तर्गत मा.वि. तहका कक्षा-९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका जम्मा १२ जना शिक्षकहरूको शैक्षिक योग्यता, तालिम, कार्यानुभव, लिङ्ग, उमेर, जात र धर्मको अवस्था पहिचान गरिएको थियो । यस सम्बन्धी प्राप्तिहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

- शिक्षकहरूको शैक्षिक योग्यता र तालिमका आधारमा अवस्थालाई पहिचान गर्दा जम्मा १२ जना शिक्षकहरू मध्ये ५ जना शिक्षकहरूमा मा.वि. तहका लागि चाहिने न्यूनतम् शैक्षिक योग्यता भन्दा माथिल्लो तहको योग्यता रहेको र ७ जना शिक्षकहरूमा यस तहका लागि चाहिने न्यूनतम् शैक्षिक योग्यता रहेको पाइयो ।
- साथै १२ जना शिक्षकहरू मध्ये १० जना शिक्षकहरू तालिम प्राप्त र २ जना शिक्षकहरू तालिम अप्राप्त रहेको पाइयो ।

- लिङ्गका आधारमा शिक्षकको अवस्थालाई हेर्दा ११ जना शिक्षकहरू पुरुष रहेको पाइयो ।
- जातका आधारमा शिक्षकको अवस्थालाई हेर्दा १२ जना शिक्षकहरू मध्ये ब्राह्मण शिक्षकहरू ५ जना, क्षेत्री शिक्षकहरू ५ जना, जनजाती शिक्षकहरू २ जना रहेको पाइयो, भने दलित शिक्षक नरहेको पाइयो ।
- धर्मका आधारमा शिक्षकको अवस्थालाई हेर्दा सबै शिक्षकहरू हिन्दु धर्म मान्ने रहेको पाइयो ।
- कुनै पनि विद्यालयमा दलित शिक्षक नरेहको पाइयो ।

**(ख) शिक्षकको शिक्षण प्रतिको धारणा सम्बन्धी प्राप्तिहरू**

शिक्षकको शिक्षण प्रतिको धारणा अन्तर्गत मा.वि. तहका कक्षा-९ मा अध्यापनरत गणित, विज्ञान, सामाजिक अध्ययन विषयका जम्मा १२ जना शिक्षकहरूको लिकर्ट स्केलको प्रयोग गरी शिक्षण प्रतिको धारणा पत्ता लगाइएको थियो । शिक्षकको शिक्षण प्रतिको धारणालाई विषयगत आधारमा, शिक्षकको शैक्षिक योग्यताका आधारमा, तालिमका आधारमा, कार्यानुभवको आधारमा, उमेरका आधारमा र जातका आधारमा विश्लेषण गर्दा प्राप्त प्राप्तिहरू निम्नानुसार छन् :

- अध्ययनका क्रममा सबै शिक्षकहरूको शिक्षण प्रतिको धारणा सकारात्मक पाइयो ।
- जात र धर्मका आधारमा शिक्षहरूको शिक्षण प्रतिको धारणामा कुनै अन्तर पाइएन ।
- स्नातकोत्तर तह शैक्षिक योग्यता भएका ५ जना शिक्षकहरू मध्ये शिक्षणप्रति ४ जना शिक्षकहरूमा सकारात्मक धारणा र १ जना शिक्षकमा तटस्थ धारणा रहेको पाइयो ।
- तालिमका आधारमा शिक्षकको शिक्षणप्रति धारणा पत्ता लगाउँदा जम्मा १२ जना शिक्षकहरूमा १० जना तालिम प्राप्त शिक्षकहरू मध्ये शिक्षणप्रति ८ जना शिक्षकहरूमा सकारात्मक धारणा र २ जना शिक्षकहरूमा तटस्थ धारणा रहेको पाइयो ।
- तालिम अप्राप्त २ जना शिक्षकहरू  मध्ये २ जना शिक्षकहरूमा नै शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । तर शिक्षणप्रति नकारात्मक धारणा भने तालिम प्राप्त र अप्राप्त कुनै पनि किसिमका शिक्षकहरूमा नरहेको पाइयो ।

- कार्यानुभवको आधारमा शिक्षकको शिक्षणप्रति धारणा पत्ता लगाउँदा जम्मा १२ जना शिक्षकहरूमा १-५ कार्यानुभव वर्ष समूहका २ जना शिक्षकहरू मध्ये शिक्षण प्रतिको धारणा २ जना शिक्षकहरूमा नै सकारात्मक रहेको पाइयो ।

- ५-१० कार्यानुभव वर्ष समूहका ५ जना शिक्षकहरू मध्ये शिक्षणप्रति ४ जना शिक्षकहरूको सकारात्मक र १ जना शिक्षकको तटस्थ धारणा रहेको पाइयो । १०-१५ कार्यानुभव वर्ष समूहको १ जना शिक्षक मध्ये १ जना शिक्षकमा नै शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो ।

- जातका आधारमा शिक्षकको शिक्षणप्रति धारणा पत्ता लगाउँदा जम्मा १२ जना शिक्षकहरूमा ब्राह्मण जातका ५ जना शिक्षकहरू मध्ये शिक्षणप्रति ५ जना शिक्षकहरूको नै सकारात्मक धारणा रहेको पाइयो ।

- क्षेत्री जातका ५ जना शिक्षकहरू मध्ये शिक्षणप्रति ३ जना शिक्षकहरूको सकारात्मक धारणा र २ जना शिक्षकहरूको तटस्थ धारणा रहेको पाइयो । जनजाति २ जना शिक्षकहरू मध्ये शिक्षण प्रति २ जना शिक्षकहरूको नै सकारात्मक धारणा रहेको पाइयो ।

- शिक्षणप्रति नकारात्मक धारणा भने कुनै पनि जातका शिक्षकहरूमा रहेको पाइएन ।

- शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउँदा जम्मा १२ जना शिक्षकहरू मध्ये १० जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र २ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो ।

**(ग) शिक्षकको विषयगत शिक्षण अभ्यासको अवस्था सम्बन्धी प्राप्तिहरू**

शिक्षकको विषयगत शिक्षण अभ्यासको अवस्था अन्तर्गत छनोटमा परेका मा.वि. तहका कक्षा - ९ का गणित, विज्ञान र सामाजिक अध्ययन विषयका १२ जना शिक्षकहरूले शिक्षण गर्दा विषयवस्तुको तयारी, कक्षाकोठा व्यवस्थापन, पाठको सुरुवात, शिक्षण विधि र शिक्षण सामग्रीको प्रयोग, विद्यार्थीको मूल्याङ्कन र गृहकार्यको अवस्था पत्ता लगाइएको थियो । यस सम्बन्धी प्राप्तिहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

- शिक्षकले शिक्षण गर्दा विषयवस्तुको तयारीको अवस्था अन्तर्गत शिक्षक निर्देशिका प्रयोगको अवस्थालाई हेर्दा गणित विषयका ४ जना शिक्षकहरू मध्ये शिक्षक निर्देशिका २ जना शिक्षकहरूले सधै प्रयोग गर्ने र २ जना शिक्षकहरूले कहिले पनि प्रयोग नगर्ने गरेको पाइयो ।

- शिक्षकले कक्षा अवलोकन गर्दा लिखित रूपमा पाठयोजनाको तयारी कुनै पनि शिक्षकले नगर्ने गरेको र मानसिक रूपमा मात्र तयारी गरेको पाइयो ।

- शिक्षकले शिक्षण गर्दा कक्षाकोठा व्यवस्थापनको अवस्थालाई पत्ता लगाउँदा छनोटमा परेका ४ वटा विद्यालयहरू भौतिक रूपमा सम्पन्न, कक्षामा विद्यार्थीको अनुपातमा प्रयाप्त डेस्क, बेन्च रहेको, उचित वातावरण र तापक्रम भए पनि शिक्षकले बसाइ व्यवस्थापन पाठको विषयवस्तु अनुसारभन्दा पनि परम्परागत तरिकाले समतलीय आकारको बसाइ बसाल्ने गरेको पाइयो ।

- जसले गर्दा सबै क्षमता, स्तर, विशेषता र विशेष किसिमका विद्यार्थीहरूलाई सक्रिय सहभागी बनाएर शिक्षकहरूले शिक्षण गर्न नसकेको कक्षा अवलोकन र विद्यार्थीहरूको छलफलबाट प्राप्त प्रतिक्रियाका आधारमा पाइएको छ ।

- शिक्षकले शिक्षण गर्दा शिक्षण विधि प्रयोगको अवस्था पत्ता लगाउँदा गणित विषयमा समस्या समाधान विधि, प्रश्नोत्तर विधिको बढी प्रयोग गर्ने गरेको पाइयो ।

- विज्ञान विषयमा व्याख्यान विधि, प्रदर्शन विधि र प्रयोगात्मक विधिको बढी प्रयोग गर्ने गरेको पाइयो भने सामाजिक अध्ययन विषयमा व्याख्यान विधि र प्रश्नोत्तर विधिको बढी प्रयोग भएको पाइयो ।

- शिक्षकले कक्षा शिक्षणका क्रममा विद्यार्थी मूल्याङ्कनको अवस्था पत्ता लगाउँदा गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरू मध्ये विद्यार्थी मूल्याङ्कन गर्दा कक्षामा विद्यार्थीलाई व्यक्तिगत प्रश्न सोध्ने सबै विषयका शिक्षकहरू रहेको पाइयो ।

## ५.२ निष्कर्ष

प्रस्तुत अध्ययन कैलाली जिल्लाको धनगढी नगरपालिका अन्तर्गत रहेका १५ वटा माध्यमिक विद्यालयहरू मध्ये छनोटमा परेका चारवटा उ.मा.वि.हरू श्री त्रिनगर उ.मा.वि., पञ्चोदय उ.मा.वि., वासुदेवी उ.मा.वि.मा धनगढी उ.मा.वि.मा आधारित रहेको थियो । यस अध्ययन तथा अनुसन्धानको क्रममा प्राप्त सूचनाहरूको विश्लेषण र व्याख्या पश्चात् प्राप्त प्राप्तिहरूको आधारमा निम्नानुसारको निष्कर्ष प्रस्तुत गरिएको छ ।

शिक्षकहरूको पृष्ठभूमिलाई पहिचान गर्दा यस तहका लागि न्यूनतम् शैक्षिक योग्यता भएका सबै शिक्षकहरू रहेको पाइयो । अधिकांश शिक्षकहरू तालिम प्राप्त, कम कार्यानुभव वर्षका र युवावस्थाका रहेको पाइयो । सबै शिक्षकहरू हिन्दु धर्म मान्ने रहेको पाइएको छ । साथै

शिक्षण पेशामा धेरैजसो ब्राम्हण, क्षेत्री जातका शिक्षकहरूको बाहुल्यता रहेको तथा जनजाति शिक्षकहरू न्यून संख्यामा रहेको पाइयो भने दलित शिक्षकहरू नरहेको पाइयो ।

शिक्षकहरूको शिक्षण प्रतिको धारणालाई हेर्दा जम्मा १२ जना शिक्षकहरू मध्ये १० जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र २ जना शिक्षकहरूमा तटस्थ धारणा रहेको पाइयो । विषयगत आधारमा शिक्षकको शिक्षण प्रतिको धारणालाई दृष्टिगत गर्दा गणित विषयका ४ जना, विज्ञान र सामाजिक अध्ययन विषयका ३/३ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो, भने विज्ञान र सामाजिक अध्ययन विषयका १/१ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । शैक्षिक योग्यताका आधारमा स्नातक तह शैक्षिक योग्यता भएका ६ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको तथा स्नातकोत्तर तह शैक्षिक योग्यता भएका ५ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र १ जना शिक्षकमा तटस्थ धारणा रहेको पाइयो । तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको शिक्षण प्रतिको धारणालाई हेर्दा तालिम प्राप्त १० जना शिक्षकहरू मध्ये ८ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र २ जना शिक्षकहरूको शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो, भने तालिम अप्राप्त २ जना शिक्षकहरू मध्ये २ जना शिक्षकहरूमा नै शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । कार्यानुभव वर्ष समूहका आधारमा ०-५ कार्यानुभव वर्षबाट ३०-३५ कार्यानुभव वर्ष समूहसम्मका १० जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा तथा ५-१० र १०-१५ कार्यानुभव वर्ष सूहका १/१ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । जातका आधारमा ब्राह्मण, क्षेत्री, जनजाती शिक्षकहरू मध्ये १० जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा तथा क्षेत्री जातका २ जना शिक्षकहरूमा मात्र शिक्षणप्रति तटस्थ धारणा रहेका पाइयो । तर शिक्षणप्रति नकारात्मक धारणा भने कुनै पनि पृष्ठभूमि भएका शिक्षकहरूमा नरहेको पाइयो ।

शिक्षकहरूको विषयगत शिक्षण अभयासको अवस्थालाई हेर्दा शिक्षकहरूले शिक्षणगर्दा विषयवस्तुको तयारी अन्तर्गत अधिकांश शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग सधै गर्ने गरेको पाइए तापनि शिक्षक निर्देशिकाको विद्यालयहरूमा अभावका कारणले गर्दा सबै शिक्षकहरूले यसको प्रयोग गर्न नसकेको पाइयो । अधिकांश शिक्षकहरूले कहिलेकाही मात्र शिक्षण सामग्रीहरूको प्रयोग गर्ने गरेको पाइयो । शिक्षकहरूले गणित विषयमा ग्राफ, चार्ट, रेखा, गणितीय औजारहरू आदि, विज्ञान विषयमा चार्ट, चित्र, रासायनिक विज्ञानका प्रयोगात्मक सामग्रीहरू र सामाजिक अध्ययन विषयमा चार्ट, ग्लोब, नक्सा, चित्रहरू र पत्रपत्रिका आदिलाई शिक्षण सामग्रीहरूको रूपमा प्रयोग गरिदै आएको पाइयो । शिक्षकहरूले सधै शिक्षण सामग्रीहरूको प्रयोग नगर्नुका कारण विद्यालयमा शिक्षण सामग्रीको कमी, समयको अभाव, शैक्षिक सामग्री निर्माण गर्ने सीपको अभाव र आर्थिक अभाव रहेको पाइयो । कक्षा शिक्षणका

क्रममा अधिकांश शिक्षकहरूले व्यक्तिगत रूपमा विद्यार्थीहरूलाई प्रश्न सोधेर विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो । यसका साथै गणित विषयमा कक्षाकार्य गर्न लगाएर र विज्ञान विषयमा प्रयोगात्मक कार्य गर्न लगाएर पनि विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो । शिक्षकहरूले नियमित रूपमा विद्यार्थीहरूलाई गृहकार्य दिने गरेको पाइयो । साथै अधिकांश शिक्षकहरूले नियमित नमूनाको रूपमा केही विद्यार्थीहरूको गृहकार्य परीक्षण गर्ने गरेको पाइयो । जसले गर्दा विद्यार्थीहरूलाई शिक्षण गरेको पाठको विषयवस्तुप्रति दिगो रूपमा सिकाइ गर्न मद्दत पुगेको पाइयो ।

यसरी निष्कर्षमा भन्नुपर्दा विभिन्न पृष्ठभूमि भएका अधिकांश शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइए तापनि शिक्षण अभ्यासका क्रममा सबै शिक्षकहरूबाट धारणा अनुसार क्रियाकलाप हुन नसकेको पाइएको छ । जसकारणले गर्दा शिक्षण सम्बन्धी योजना निर्माण, कक्षाकोठाको उपयुक्त व्यवस्थापन, शिक्षणविधि र सामग्रीहरूको उचित चयन तथा प्रयोगमा कमी हुँदा सबै किसिमका क्षमता, स्तर र विशेषता भएका विद्यार्थीहरूलाई शिक्षण सिकाई क्रियाकलापमा सक्रिय सहभागी बनाएर शिक्षण क्रियाकलाप गर्न शिक्षकहरूलाई समस्या परी शिक्षण अभ्यास क्रियाकलापलाई उद्देश्य अनुसार प्रभावकारी बनाउन सकिराखेको पाइएन ।

## ५.३ सुझावहरू

माध्यमिक तहमा शिक्षण गर्ने गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकको पृष्ठभूमि, शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास सम्बन्धी सूचनाहरूको विश्लेषणबाट प्राप्त प्राप्ति र निष्कर्षका आधारमा शिक्षकहरूको शिक्षण प्रतिको धारणा र अभ्यासमा सुधार ल्याउन तथा अभिवृद्धि गर्न अपनाउनु पर्ने उपायहरूलाई निम्न लिखित सुझावहरूको रूपमा प्रस्तुत गरिएको छ ।

- माध्यमिक तहमा शिक्षण गर्न शिक्षकको न्यूनतम शैक्षिक योग्यता शिक्षाशास्त्र संकायमा सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि गरेको हुनुपर्ने व्यवस्था गरिनु पर्दछ ।
- शिक्षण पेशामा संलग्न सबै शिक्षकहरूलाई अनिवार्य तालिमको व्यवस्था गरिनु पर्दछ ।
- शिक्षण पेशामा सबै लिङ्ग, जात, धर्मका दक्ष व्यक्तिको समानुपातिक प्रतिनिधित्व हुने गरी शिक्षक छनोट गर्ने व्यवस्था गरिनु पर्दछ ।
- शिक्षक छनोट गर्दा शिक्षणप्रति सकारात्मक धारणा भएका व्यक्ति छनोट गर्न अभिवृती परीक्षण अनिवार्य गरिनु पर्दछ । विद्यालयहरूको अव्यवस्थित विस्तारमा

रोक लगाइनु पर्दछ । साथै खोलिएका विद्यालयहरूमा चाहिने आवश्यक शिक्षक दरवन्दीमा स्थायी शिक्षक पदपूर्ती प्रत्येक वर्ष अनिवार्य गरिनुपर्दछ ।

- प्रत्येक विद्यालयहरूमा सबै विषयहरूको अनिवार्य रूपमा शिक्षक निर्देशिका उपलब्ध गराइनु पर्दछ ।
- व्यवस्थित रूपमा शिक्षण सिकाइ क्रियाकलाप गर्न एउटा विषय शिक्षकहरूलाई बढीमा ४ पिरियड मात्र शिक्षण गर्नु पर्ने व्यवस्था गरिनु पर्दछ ।
- शिक्षकहरूका लागि समय सुहाउँदो किसिमले पुनर्ताजकिरण तालिम, कार्यशाला, गोष्ठी, सेमिनार आदि संचालन गरिनु पर्दछ ।
- शिक्षकहरूले तालिममा सिकेको ज्ञान, सीप अनुसार पाठयोजना निर्माण, शिक्षण सिकाइ क्रियाकलाप उपयुक्त तरिकाले सधैं गरे नगरेको अनुगमन सम्बन्धित निकायबाट निरन्तर गरिनु पर्दछ ।
- शिक्षकहरूमा रहेको शिक्षण सम्बन्धीको सैद्धान्तिक ज्ञानलाई व्यावहारिक रूपमा कार्यान्वयन गराउनमा जोड दिइनु पर्दछ ।
- विद्यालयहरूलाई व्यवस्थित पार्न भौतिक रूपले सम्पन्न, विद्यार्थीहरूको अनुपात कक्षाकोठा फर्निचर, दराज, टेबुल, कुर्सी, डेस्क, बेन्च आदिको प्रयाप्त व्यवस्था गर्नुपर्दछ ।
- कक्षाकोठामा शिक्षकले प्रवेश गरेपछि विद्यार्थीहरूको ध्यान शिक्षण सिकाईतिर केन्द्रित गर्न शिक्षकले पूर्वपाठसँग सम्बन्ध जोडेर नयाँ पाठको सुरुवात गर्नुको साथै समसामयिक घटना, चुटकिला, कथा, गीत आदिको माध्यमबाट कक्षा शिक्षणको सुरुवात गरिनु पर्दछ ।
- शिक्षण गर्दा व्याख्यान विधि, समस्या समाधान विधि, प्रश्नोत्तर विधिमा मात्र आधारित भएर शिक्षण गर्नुको सट्टा विद्यार्थीहरूलाई सक्रियरूपमा शिक्षण सिकाइ क्रियाकलापमा भाग लिन उत्प्रेरणा जागृत गर्ने शिक्षण विधिहरू प्रदर्शन विधि, प्रयोगात्मक विधि, छलफल विधि आदिको प्रयोगमा पनि जोड दिइनु पर्दछ ।
- शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीहरू स्थानीय स्तरमा प्राप्त तथा निर्माण गर्न सकिने सामग्रीहरूलाई सम्बन्धित विद्यालय, शिक्षक तथा विद्यार्थीहरूले निर्माण गर्ने र अन्य सामग्रीहरू सम्बन्धित निकायहरूबाट उपलब्ध गराउने अनिवार्य व्यवस्था गरिनु पर्दछ ।

- शिक्षकहरूलाई शिक्षण प्रेशाप्रति उत्प्रेरणा जागृत गराइ राख्न शिक्षकलाई पुरस्कार, बढुवाको व्यवस्था, तलब वृद्धि, शिक्षण पेशालाई अरू पेशाभन्दा मर्यादित तथा व्यवस्थित बनाइनु पर्दछ ।

## सन्दर्भसामग्री


अधिकारी, वलराम (२०६०), *प्राथमिक शिक्षाका सैद्धान्तिक पक्षहरू,* भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाडौं : सनलाइट पब्लिकेशन ।

खनाल, श्रीप्रसाद र अन्य (२०६५), *मनोवैज्ञानिक परीक्षण,* कीर्तिपुर, काठमाडौं : जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

खनाल, डिल्लीराम (२०६७), *माध्यमिक तहका शिक्षकहरूको कक्षा शिक्षण अवस्था,* शोधपत्र त्रि.वि., कीर्तिपुर ।

ढकाल, माधवप्रसाद र कोइराला, मातृका प्रसाद (२०६५), *शिक्षाका आधारहरू,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०४३), *नेपालमा शैक्षिक इतिहास,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्टिव्युटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०५८), *शिक्षाको समाजशास्त्रीय र दर्शनशास्त्रीय आधार,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्टिव्युटर्स ।

शर्मा, कुवेरनाथ (२०६१), *शिक्षाको दर्शनशास्त्रीय एवं समाजशास्त्रीय आधार,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *शिक्षा पत्रिका,* सानो ठिमी, भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६४), *शिक्षक शिक्षा,* सानो ठिमी, भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय ।

शिक्षा विभाग (२०५९/६०), *शिक्षा विभागद्वारा गरिएका अध्ययनहरूको प्रतिवेदन ।*

Agrawal, Bikas (1997), *Essentials of Educational Technology: Teaching, Learning, Innovation in Education*, New Delhi: Vikash Publishing House Pvt. Ltd. 576 Masjd Road, Jangpure.

Bista, Min Bahadur (2002), *Making in Service of Teachers Effective Through Follow Up and Support: An Evaluation Study of the Teacher Support Program of*

*SEDP Education*, Bhaktapur: Curriculum and Development Center, Sanothimi, p. 113-127.

CERID (2003), *Effective Classroom Teaching/learning (Phase 11) Transfer of Training Skills in the Classroom Delivery*, Tribhuvan University.

CERID (2004), *Effecive Classroom Teaching/Learning (Phase III).* Kathmandu: Tribhuvan University.

Karmacharya, Dibya Man (1975), *The Present Status of Primary Teachers and Their School*. Education Quarterly, p. 61-65.

Phuyal, Narendra Prasad (1999), *Education and Development*, Kathmandu: Research Center for Education Innovation and Development (CERID), Balkhu, p. 56-63.

Shrestha, Dr. Kedar N. (1982), *The Teaching Behaviour of Trained Teacher of Nepal*. Sanothimi Bhaktapur: Tribhuvan University.

## अनुसूची–१

### नमूना छनोटमा परेका विद्यालयका विषयगत शिक्षकहरू

| क्र.सं. | विद्यालयधको नाम | शिक्षकको नाम | विषय |
|---|---|---|---|
| १ | श्री पंचोदय उ.मा.वि. हसनपुर, धनगढी | १. श्री भरत सिंह<br>२. श्री कृष्ण पनेरु<br>३. श्री रामप्रसाद जोशी | गणित<br>विज्ञान<br>सामाजिक अध्ययन |
| २ | श्री धनगढी उ.मा.वि. धनगढी | १. श्री कृष्ण वहादुर खड्का<br>२. श्री बलबहादुर रोकाया<br>३. राजेन्द्र जेठारा | गणित<br>विज्ञान<br>सामाजिक अध्ययन |
| ३ | बासेदेवी उ.मा.वि. जाली, धनगढी | १. श्री शंकरलाल चौधरी<br>२. कमल राना<br>३. माया भट्ट | गणित<br>विज्ञान<br>सामाजिक अध्ययन |
| ४ | श्री त्रिनगर उ.मा.वि | १. नवराज भट्ट<br>२. करन बहादुर विष्ट<br>३. कमल कान्त जोशी | गणित<br>विज्ञान<br>सामाजिक अध्ययन |

**अनुसूची-२**

**लक्षित समूह छलफलका लागि छनोटमा परेका विद्यालयका कक्षा-९ का विद्यार्थीहरू**

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थीहरूको नाम |
|---|---|---|
| १ | श्री पंचोदय उ.मा.वि. हसनपुर, धनगढी | १. रामबहादुर खड्का<br>२. तिलक भट्ट<br>३. मान सिंह वि.क.<br>४. कृष्ण विष्ट<br>५. प्रकाश कार्की<br>६. यज्ञ राज पाण्डेय<br>७. प्रेमकुमार खत्री<br>८. मदन धामी |
| २ | धनगढी उ.मा.वि., धनगढी | १. कृष्णा राना<br>२. बसन्ती चौधरी<br>३. तारा सुनार<br>४. इन्द्र कामी<br>५. नवीन सूनार<br>६. सुरेन्द्र राना<br>७. हरिना नेपाली<br>८. भरत वि.क. |
| ३. | बासुदेवी उ.मा.वि. जाली, धनगढी | १. भावना कुमारी गौतम<br>२. कञ्चन चौधरी<br>३. शारदा विष्ट<br>४. डम्बर दत्त भट्ट<br>५. निर्मला बुढा<br>६. दिपेन्द्र सिंह<br>७. दिपेस वि.क.<br>८. वल व. चौधरी |
| ४. | श्री त्रिनगर उ.मा.वि., धनगढी कैलाली | १. हेमन्ती कुमारी साही<br>२. मञ्जु कुमारी राना<br>३. हरिना कुमारी विष्ट<br>४. मिना कुमारी खड्का<br>५. राजु प्रसाद ऐर<br>६. प्रकाश राज बोहरा<br>७. केशव प्रसाद पाण्डेय<br>८. दिपक प्रसाद नेपाली |

## अनुसूची–३

## शिक्षकको व्यक्तिगत विवरण

**विद्यालयको नाम :**

| क्र.सं. | शिक्षकको नाम | अध्यापन गर्ने विषय | तह | योग्यता | अध्ययन गरेको विषय | तालिम | कार्यानुभव | उमेर | लिङ्ग | जात | धर्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

अनुसूची-४

**शिक्षकको शिक्षण प्रतिको धारणा पत्ता लगाउन लिकर्ट विधिको प्रयोग गरी तयार गरिएका वाक्याशंहरू**

| क्र.सं | वाक्यांश | प्रतिक्रियाहरू | | | | |
|---|---|---|---|---|---|---|
| | | पूर्ण सहमत | सहमत | अनिश्चित | असहमत | पूर्ण असहमत |
| १ | शिक्षण पेशा मर्यादित पेशा हो । | | | | | |
| २ | शिक्षण पेशा छनोट गरेकोमा पश्चाताप छ । | | | | | |
| ३ | शिक्षण पेशा छनोट गर्नु वाध्यता हो । | | | | | |
| ४ | शिक्षण पेशामा जीवनभरी रहिराखु जस्तो लाग्दछ । | | | | | |
| ५ | शिक्षण गर्नु सबैभन्दा रुचीकर विषय हो । | | | | | |
| ६ | यो विषय दैनिक जीवनका लागि अत्यन्तै उपयोगी  छ । | | | | | |
| ७ | यो विषय पढाउँदा समय वितेको पत्तै हुँदैन । | | | | | |
| ८ | यो विषय जहिले पनि अझ पढाउँ पढाउँ जस्तो लाग्दछ । | | | | | |
| ९ | यो विषय शिक्षण गर्दा दिक्क लाग्दछ । | | | | | |
| १० | यो विषयको शिक्षणका लागि समय अपुग छ । | | | | | |
| ११. | यो विषय पढाउँदा विद्यार्थीहरुले बुझ्दै बुझ्दैनन् । | | | | | |
| १२ | यो विषय शिक्षण गर्न अप्ठ्यारो छ । | | | | | |
| १३ | यो विषय शिक्षण गर्दा सधैं झर्को लागेर  आउँदछ । | | | | | |
| १४ | यो विषयका लागि शैक्षिक सामाग्री उपलब्ध गर्न कठिन छ । | | | | | |
| १५ | यो विषय शिक्षण गर्न धेरै सजिलो लाग्दछ । | | | | | |
| १६ | व्यवहारिक जीवनका लागि यो विषय महत्त्वपूर्ण छ । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | यो विषय सिकारूमा सहि ज्ञान, सीप र धारणा विकास गर्न महत्त्वपूर्ण छ । | | | | | |
| १८ | यो विषयले सिकारुको भविष्यमा हरेक कार्यको लागि सहयोग पुऱ्याउँदछ । | | | | | |
| १९ | यो विषयका विषयवस्तु अव्यवहारिक भएकाले रुची छैन । | | | | | |
| २० | यो विषयले विद्यार्थीमा निराशता पैदा गराउँछ । | | | | | |
| २१ | यो विषयको शिक्षण नगरी अर्को विषय शिक्षण गर्न पाए सन्तुष्ट हुन्थे । | | | | | |

**अनुसूची-५**

**शिक्षकको विषय प्रतिको अभ्यास सम्बन्धी अन्तर्वार्ताका लागि प्रश्नावली**

**शिक्षकको नाम :** **मिति :**

**विद्यालयको नाम :** **घण्टी :**

**अध्यापन गर्ने विषय :**

१. तपाई शिक्षण गर्दा सधैं पाठयोजना तयार गर्नु हुन्छ ?

.....................................................................................

१.१ यदि गर्नुहुन्छ, भने कसरी गर्नु हुन्छ ?

.....................................................................................

.....................................................................................

१.२ यदि गर्नु हुन्न, भने किन गर्नु हुन्न ?

.....................................................................................

.....................................................................................

२. तपाई शिक्षण गर्नु पूर्व पाठको विषयवस्तुसँग सम्बन्धित के-कस्ता सन्दर्भ सामग्रीको अध्ययन गर्नु हुन्छ ?

.....................................................................................

.....................................................................................

३. तपाई शिक्षक निर्देशिकाको प्रयोग निरन्तर गर्नु हुन्छ ?

.....................................................................................

३.१ यदि गर्नु हुन्न, भने किन गर्नु हुन्न ?

.....................................................................................

.....................................................................................

४. तपाई पाठको विषयवस्तु अनुसार सधैं कक्षाकोठाको उपयुक्त व्यवस्थापन गर्नुहुन्छ ?

.....................................................................................

४.१ यदि गर्नुहुन्छ, भने कसरी गर्नु हुन्छ ?

.....................................................................................

.....................................................................................

४.२ यदि गर्नु हुन्न, भने किन गर्नु हुन्न ?

.....................................................................................

.....................................................................................

५.	तपाई कक्षा शिक्षणको सुरुमा विद्यार्थीलाई पूर्वपाठका स्मरण गराउनु हुन्छ ?

..................................................................................................

५.१	यदि गराउनु हुन्छ, भने कसरी गराउनु हुन्छ ?

..................................................................................................

..................................................................................................

५.२	यदि गराउनु हुन्न, भने किन गराउनु हुन्न ?

..................................................................................................

..................................................................................................

६.	तपाई पाठको विषयवस्तु अनुसार शिक्षण विधिको सधै प्रयोग गर्नुहुन्छ ?

..................................................................................................

६.१	यदि गर्नुहुन्छ, भने कस्ता विधिहरुको बढी प्रयोग गर्नुहुन्छ ?

..................................................................................................

..................................................................................................

६.२	यदि गर्नु हुन्न, भने के कारणले गर्नु हुन्न ?

..................................................................................................

..................................................................................................

७.	तपाई पाठको विषयवस्तु अनुसार सधै शिक्षण सामग्रीहरुको प्रयोग गर्नुहुन्छ ?

..................................................................................................

७.१	यदि गर्नु हुन्छ, भने कस्ता शिक्षण सामग्रीहरुको बढी प्रयोग गर्नु हुन्छ ?

..................................................................................................

..................................................................................................

७.२	यदि गर्नु हुन्न, भने के कारणले गर्नु हुन्न ?

..................................................................................................

..................................................................................................

८.	तपाई शिक्षण गर्दा विद्यार्थीको रुची, चाहना, इच्छा तथा स्तर अनुसार गर्नु हुन्छ ?

..................................................................................................

८.१	यदि गर्नु हुन्छ, भने विषयवस्तुको प्रस्तुतीकरण कसरी गर्नु हुन्छ ?

..................................................................................................

..................................................................................................

८.२ यदि गर्नुहुन्छ, भने शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको सक्रिय सहभागिता के, कसरी गराउनु हुन्छ ?

.....................................................................................

.....................................................................................

९. तपाई कक्षा शिक्षणको क्रममा सधै विद्यार्थी मूल्याङ्कन गर्नु हुन्छ ?

.....................................................................................

९.१ यदि गर्नुहुन्छ, भने कसरी गर्नु हुन्छ ?

.....................................................................................

.....................................................................................

९.२ यदि गर्नु हुन्न, भने किन गर्नु हुन्न ?

.....................................................................................

.....................................................................................

१०. तपाई कक्षा शिक्षणको अन्तमा सधैं गृहकार्य दिने गर्नु हुन्छ ?

.....................................................................................

१०.१ यदि गृहकार्य दिनुहुन्छ, भने विद्यार्थीको सिकाइमा के-कस्तो प्रभाव पारेको जस्तो लाग्दछ ?

.....................................................................................

.....................................................................................

१०.२ यदि गृहकार्य दिनु हुन्न, भने के कारणले दिनु हुन्न ?

.....................................................................................

.....................................................................................

११. तपाई विद्यार्थीलाई दिएको गृहकार्यलाई सधैं परीक्षण गर्नुहुन्छ ?

.....................................................................................

११.१ यदि परीक्षण गर्नुहुन्छ, भने यसले विद्यार्थीको सिकइमा के कस्तो मद्दत गरेको छ ?

.....................................................................................

.....................................................................................

११.२ यदि परीक्षण गर्नु हुन्न, भने किन गर्नु हुन्न ?

.....................................................................................

.....................................................................................

## अनुसूची-६

## शिक्षकको कक्षा अवलोकन निर्देशिका

**विद्यालयको नाम :** **मिति :**

**शिक्षकको नाम :** **विद्यार्थीको संख्या :**

**विषय :** **पाठको सुरु :**

**कक्षा :** **पाठको अन्त्य :**

**एकाइ :**

**शिर्षक :**

| क्र.सं. | कक्षा अवलोकनका क्षेत्रहरू | अवस्था |
|---|---|---|
| १ | **विषयवस्तुको तयारी**<br>विषयवस्तुको ज्ञान<br>शिक्षक निर्देशिकाको प्रयोग<br>पाठयोजना तयारी<br>शिक्षण गर्ने विषयवस्तुको संगठन | |
| २ | **कक्षाकोठाको व्यवस्थापन**<br>कक्षामा बस्ने व्यवस्था<br>कक्षाकोठाको वातावरण<br>पाठको विषयवस्तु अनुसार कक्षा व्यवस्थापन | |
| ३ | **पाठको सुरुवात**<br>पाठ्यक्रममा आधारित उद्देश्य<br>कक्षाको सुरुवात<br>उत्प्रेरणाको सिर्जना<br>पूर्वपाठ र नयाँ पाठको सम्बन्ध जोडेको<br>प्रस्तुतीकरण | |
| ४ | **शिक्षण सिकाई क्रियाकलाप**<br>शिक्षण विधिको उपयुक्तता<br>शिक्षण विधि अनुसार शिक्षण सामाग्री<br>स्थानीय सामाग्रीको निर्माण र प्रयोग<br>विषयवस्तुको निर्माण र प्रयोग<br>विषयवस्तुको क्रमवद्ध प्रस्तुती<br>पाठ्यक्रमसँग मिल्दो जुल्दो विषयवस्तु<br>उदाहरणको उपयुक्तता<br>विद्यार्थीको स्तर र रूचि अनुसार शिक्षण क्रियाकलाप<br>विद्याथीलाई सक्रिय सहभागि गर्ने सीप | |
| ५ | **मूल्याङ्कन**<br>कक्षा मूल्याङ्कन गर्ने सीप<br>प्रश्न सोध्ने सीप<br>विद्यार्थीको निरन्तर मूल्याङ्कन<br>विद्यार्थीलाई पृष्ठपोषण<br>उद्देश्य प्राप्ति | |
| ६ | **गृहकार्य**<br>गृहकार्यको नियमितता | |

| | | |
|---|---|---|
| | )गृहकार्यको नियमित परीक्षण | |

**अनुसूची-७**

**विद्यार्थीहरूको लक्षित समूह छलफलका लागि निर्देशिका**

**विद्यार्थीको शिक्षण अभ्यास र शिक्षकप्रति धारणा**

- विषयवस्तुको तयारी
- कक्षाकोठाको व्यवस्थापन
- पाठको सुरुवात
- शिक्षण विधिको प्रयोग
- मूल्याङ्कनको अवस्था
- गृहकार्यको अवस्था
- शिक्षकप्रति धारणा